रातो खबर साप्ताहिक
Ratokhabar weekly
वर्ष ८ अङ्क ८ पूर्णाङ्क ३२६ २०७९ भदौ ८ गते बुधबार Wednesday, 24 August 2022 www.eratokhabar.com/ www.ratokhabar.com मूल्य रु. १०

## जनविरोधी गतिविधिविरुद्ध नेकपा (बहुमत) कालीकोटले बुझायो ज्ञापनपत्र



मान्म (कालीकोट)/ नेकपा (बहुमत) कालीकोटले जिल्लामा बढिरहेका जनविरोधी गतिविधि बन्द गर्न, राष्ट्रियताविरोधी एमसीसी, एसपीपी, नागरिकता विधेयक रोक्न तथा कार्यान्वियन नगर्न, भ्रष्टाचार, महँगी, मूल्य वृद्धि, जाँडर ... बाँकी ५ पृष्ठमा

# नेकपा (बहुमत) को देशव्यापी जनजागरण अभियान प्रभावकारी







अम्बिका चन्द, काठमाडौँ/ केन्द्र, ब्युरो हुँदै जिल्ला सङ्गठनहरूलाई पूर्णता दिइसकेपछि जनताको तहमा सङ्गठन विस्तार गर्न नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले देशव्यापी राष्ट्रिय जनजागरण अभियान सञ्चालन गरेको छ । यही भदौ २ गते देशैभरि सुरु गरिएको अभियान जनसम्बन्ध विस्तार गर्न र सङ्गठन सुदृढीकरण गर्ने काममा प्रभावकारी बन्दै गएको बताइएको छ ।

पहिलो चरणमा सङ्घर्ष र दोस्रो चरणमा क्रियात्मक बनाउने कार्यक्रमसहित सुरु भएको अभियान २ महिनासम्म सञ्चालन हुने नेकपा (बहुमत) ले जनाएको छ । नेकपा (बहुमत) का जिल्ला तथा ब्युरोहरूले प्रमुख सहर, सदरमुकामदेखि गाउँसम्म पुगेर अभियान उद्घाटन गरी कार्यक्रम अघि बढाइसकेका छन् ।

यसै क्रममा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) कास्कीले राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियानको उद्घाटन भव्य रूपले सम्पन्न गरेको छ । कास्कीको अभियान उद्घाटन कार्यक्रममा नेकपा (बहुमत) का सचिवालय सदस्य तथा गण्डकी ब्युरो इन्चार्ज रूपेश प्रमुख अतिथि थिए । बद्रीको अध्यक्षतामा सम्पन्न अभियान उद्घाटन कार्यक्रममा नेकपा (बहुमत) का कास्की इन्चार्ज गोकुल, अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) का महासचिव सागर, पार्टी जिल्ला सल्लाहकार धन अतिथि थिए । पोखरा महानगरका इन्चार्ज रवीन्द्रको सञ्चालनमा भएको प्रशिक्षणसहितको अभियान उद्घाटनमा लामो समय नेकपा (माओवादी) केन्द्रीय समितिमा रहेर काम गरेका निश्चल र जिल्लामा रहेर काम गरेका शिव उक्त पार्टी परित्याग गरी नेकपा (बहुमत) मा प्रवेश गरेका थिए ।

अभियानकै क्रममा नेकपा (बहुमत) का नेता-कार्यकर्ताहरू महँगी र भ्रष्टाचारका कारण जनजीवन निकै कष्टकर भएको भन्दै हातहातमा खाली ग्याँस सिलिन्डर र ... बाँकी ४ पृष्ठमा

## पुल निर्माणस्थलमा कालो ब्यानर

महेन्द्रनगर (कञ्चनपुर)/ नेकपा (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपाल कञ्चनपुरले भीमदत्त नगरपालिका ११ भुजेला माताकुटियास्थित पुल निर्माण स्थलमा निर्माण व्यवसायीका काम लेखिएको कालो ब्यानर टाँगेको छ । नेपाली काङ्ग्रेस डँडेल्धुराका सभापति रहेका ठेकेदार भीमबहादुर साउद सञ्चालक रहेको राजेन्द्र निर्माण सेवाका नाउँमा कालो ब्यानर टाँगिएको हो ।

... बाँकी ४ पृष्ठमा

## बलात्कारीलाई अखिल क्रान्तिकारीको चेतावनी

जुम्ला/ जुम्लाको चन्दनाथ नमुना माध्यमिक विद्यालय खलङ्गामा कक्षा ४ मा अध्ययनरत १४ वर्षीया छात्रा बलात्कृत भएको घटना सार्वजनिक भएको छ । यसप्रति अखिल क्रान्तिकारीले सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको भन्दै दोषीलाई नबचाउन र सख्त कारबाही गर्न माग गरेको छ ।

अखिल क्रान्तिकारी कर्णाली प्रदेश छात्रा विभागकी ... बाँकी ४ पृष्ठमा

## काठमाडौँका क्रान्तिकारी युवा जनस्वयम्सेवकमा सङ्गठित

काठमाडौँ/ युवा जनस्वयम्सेवक नेपालको काठमाडौँ जिल्ला भेला सम्पन्न भएको छ । काठमाडौँस्थित त्रिचन्द्र कलेजको सभाहलमा शनिबार सम्पन्न भेलामा प्रमुख अतिथिका रूपमा सङ्गठनका केन्द्रीय अध्यक्ष हरिश भट्ट उपस्थित थिए भने अतिथिका रूपमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य एवम् बागमती ब्युरो इन्चार्ज शरद रसाइली उपस्थित थिए । भेलाले सूर्यसिंह ठकुरी

... बाँकी ४ पृष्ठमा

## 'रामवृक्ष यादव र कुमार पौडेल खोजिरहेछौँ'





काठमाडौँ/ नेकपा (बहुमत) मधेस प्रदेश ब्युरोले महान् सहिद रामवृक्ष यादवको २८ औँ स्मृति दिवस मनाउँदै दुईमहिने 'राष्ट्रिय जागरण तथा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' उद्घाटन गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा (बहुमत) केन्द्रीय सचिवालय सदस्य तथा मधेस ब्युरो इन्चार्ज नयनले आफ्नो पार्टी रामवृक्ष यादव र कुमार पौडेलजस्तै क्रान्तिकारी खोज्दै मधेस अभियानमा आएको बताए ।

कार्यक्रममा प्रमुख अतिथि नयनले मधेसबाट अब फेरि रामवृक्ष यादवजस्तो योद्धा जन्मिनु आवश्यक रहेको पनि बताए । रामवृक्ष यादवजस्ता क्रान्तिकारीहरूको खोजीमा आफूहरू रहेको र त्यसकै लागि मधेस जागरण अभियान लिएर ... बाँकी ४ पृष्ठमा

## सहिद रामवृक्ष यादवको स्मरण

विराटनगर/ नेकपा (बहुमत) को पूर्वी ब्युरोले पार्टीको केन्द्रीय कार्यक्रमअन्तर्गत 'राष्ट्रिय जागरण तथा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' सहिद रामवृक्ष यादवको २८ औँ स्मृति दिवस मनाउँदै सडकको फोहोर उठाएर आरम्भ गरेको छ । पार्टीले १ नम्बर प्रदेशको राजधानी बिराटनगरको महेन्द्रचोकमा सरसफाइ गर्नुका साथै सहिद यादवको स्मृति दिवस मनाएर अभियान उद्घाटन गरेको हो ।



पार्टी केन्द्रीय कार्यालय सदस्य एवम् पूर्वी ब्युरो इन्चार्ज निर्मलले अभियानको झन्डा/ब्यानर, अपिल तथा सरसफाइ सामग्री अभियान टोली सहप्रमुख नरेशलाई हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए ।

अभियान टोलीले महेन्द्रचोक, ट्राफिकचोकलगायत ठाउँमा सरसफाइ गर्नुका साथै ७ वटा डस्टबिनसमेत राखेको छ ।

महान् सहिद रामवृक्ष यादवको २८ औँ स्मृति दिवसको ... बाँकी ५ पृष्ठमा

## रित्ता ग्याँस सिलिन्डर र तरकारी बोकेर सडकमा प्रदर्शन



काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले भदौ २ गतेदेखि राष्ट्रिय जागरण तथा सङ्गठन निर्माण अभियान सञ्चालन गरेको छ । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) र पार्टीका सम्पूर्ण जनवर्गीय सङ्गठनहरू देशव्यापी रूपमा सडक आन्दोलनमा होमिएका छन् । अभियानकै क्रममा पार्टीले आइतबार उपत्यकालगायत देशभरि भ्रष्टाचार, महँगी, मूल्य वृद्धि, राष्ट्रघातका विरुद्ध देशव्यापी जनप्रदर्शन गरेको छ । प्रदर्शनकारीहरूले हातहातमा तरकारी, खाली ग्याँस सिलिन्डर र प्लेकार्ड बोकेका थिए ।

काठमाडौँको त्रिपुरेश्वरदेखि सुरु ... बाँकी ५ पृष्ठमा

## किन भएन दोरम्बा नरसंहारका दोषीमाथि कारबाही ?

### नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त आयोजनामा २० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस सम्पन्न



डाँडाकटेरी (रामेछाप)/ रामेछापको दोरम्बास्थित डाँडाकटेरीमा नि:शस्त्र २१ जना माओवादी नेता-कार्यकर्तालाई नियन्त्रणमा लिई गरिएको सामूहिक हत्याकाण्डको १९ वर्ष पूरा गरी २० वर्ष लागेको छ । उक्त घटनामा सहादत प्राप्त गर्ने सहिदहरूको सम्झनामा दोरम्बा हत्याकाण्ड स्मृति दिवस सम्पन्न भएको छ । नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त आयोजनामा रामेछाप, दोरम्बास्थित डाँडाकटेरीमा रहेको सहिदपार्कमा दोरम्बा हत्याकाण्ड स्मृति दिवस सम्पन्न भएको हो ।

कार्यक्रममा नेकपा (बहुमत) का संयोजक धर्मेन्द्र बास्तोला ' कञ्चन', नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेल 'गौरव', नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (बहुमत) का केन्द्रीय, ब्युरोस्तरीय र जिल्लास्तरीय नेता, दुवै पार्टी निकट रहेका विभिन्न जनवर्गीय सङ्गठनका नेता-कार्यकर्ताको आतिथ्य र सहभागिता थियो ।

कार्यक्रममा नेकपा (बहुमत) का संयोजक धर्मेन्द्र बास्तोला 'कञ्चन' ले सहिदहरूको सपना पूरा गर्न देशको राजनीतिक व्यवस्था परिवर्तन गर्नु अनिवार्य रहेको बताए । 'वर्तमान राज्यव्यवस्था जनताका पक्षमा छैन । जनताको चाहना र सहिदका सपना पूरा गर्न राजनीतिक व्यवस्था परिवर्तन गर्नु अनिवार्य भएको छ', कञ्चनले भने ।

कार्यक्रममा युद्धविरामको नीतिविपरीत तत्कालीन सत्ताले दोरम्बामा विद्रोही माओवादीका नेता-कार्यकर्ताको हत्या गरेको क्रान्तिकारी माओवादीका नेता सीपी गजुरेलले बताए । 'युद्धविरामको समयमा सेना ब्यारेक क्षेत्रको ५ किमिभित्र मात्र बस्ने सहमतिविपरीत र एकले अर्काका विरुद्धको गतिविधि रोक्नुपर्नेमा राज्यपक्षबाट गरिएको दोरम्बा हत्याकाण्ड युद्धनीतिविपरीत रहेको छ', गजुरेलले भने । ... बाँकी ४ पृष्ठमा

## जनप्रतिनिधिको तलबभत्ता बन्द गर्न युवा जनस्वयम्सेवकको माग




काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपालले सरकारलाई ३५ बुँदे मागपत्र बुझाउँदै माग सम्बोधन नभए कडा सङ्घर्ष गर्ने चेतावनी दिएको छ ।

काठमाडौँमा बुधबार पत्रकार सम्मेलन गरी युवा जनस्वयम्सेवक नेपालले प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष बुझाइएको मागपत्रको जानकारी दिँदै जनताको जनजीविकाको सवालमा प्रत्यक्ष जोडिएका मागहरू तत्काल पूरा नगरे सङ्घर्षमा होमिन बाध्य हुने चेतावनी दिएको हो ।

युवा जनस्वयम्सेवक नेपालले सम्पूर्ण तहका जनप्रतिनिधिहरूको विभिन्न प्रकारको तलबभत्ता पूर्ण रूपले खारेज गर्नुपर्ने, जनप्रतिनिधिका गाडी र सेवा-सुविधा अन्त्य गर्नुपर्ने माग अघि सारेको छ ।

सङ्गठनले २०६२/०६३ पछिका सेना प्रमुख, प्रहरी प्रमुख, संस्थान प्रमुख, संवैधानिक आयोगका प्रमुख, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, गभर्नर, सभामुख, मुख्यसचिवहरूको सम्पत्ति विवरण सार्वजनिक गर्न पनि माग गरेको छ ।

यसैगरी सम्पूर्ण निजी विद्यालय खारेज तथा राष्ट्रियकरण गरी समान शिक्षाप्रणाली लागू गरिनुपर्ने र सरकारी कर्मचारी, जनप्रतिनिधिको लगानी भएका निजी विद्यालयहरू खारेज गर्नुपर्ने माग पनि युवा जनस्वयम्सेवक नेपालले राखेको छ ।

त्यस्तै सम्पूर्ण मेडिकल कलेजलाई राष्ट्रियकरण गरी नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने, पहिलो चरणमा तत्काल ५० वर्ष नाघेका नागरिकको हकमा र दोस्रो चरणमा ३ वर्षभित्र सम्पूर्ण उमेरसमूहलाई स्वास्थ्य सेवा ... बाँकी ५ पृष्ठमा

## एकीकृत जनयुद्ध : नेपाली क्रान्तिको कार्यभार

देश/परिवेश
■ दीपक



**१. पृष्ठभूमि**

महान् जनयुद्धको एघारौँ योजना (२०६१) प्रत्याक्रमणमा प्रवेशको पहिलो योजना थियो । त्यसको एक वर्षपछि २०६२ मा बाह्रौँ योजना लागू भयो । यसलाई प्रत्याक्रमणको दोस्रो योजना प्रस्ताव गरियो । प्रत्याक्रमणको दोस्रो योजना अर्थात् जनयुद्धको बाह्रौँ योजना जनयुद्धको अन्तिम कार्ययोजना हुनसक्ने प्रक्षेपण भैरहेको थियो । अतः यो योजनालाई अधिकाधिक 'विद्रोह' को योजनाका रूपमा संश्लेषण गरिएको थियो । बाह्रौँ योजनालाई विद्रोहको योजना परिभाषित गर्नुमा यसको सैद्धान्तिक आाधार थियो- 'नेपालको सापेक्षतामा विकासको एउटा निश्चित चरणपश्चात् दीर्घकालीन जनयुद्ध विद्रोहमा रूपान्तरण हुन्छ जब कि प्रारम्भमा जनविद्रोह दीर्घकालीन जनयुद्धका रूपमा लागू भैरहेको हुन्छ' भन्ने थियो । यो मान्यताकै आधारमा माओवादी पार्टीले आफ्ना सम्पूर्ण सैन्य राजनीतिक कार्यक्रमहरू अघि बढाइरहेको थियो । त्यसअन्तर्गतको एउटा विशिष्ट योजना बाह्रौँ योजना थियो । बाह्रौँ योजनाको विशेष कार्यभार भनेकै दीर्घकालीन जनयुद्धलाई विद्रोहमा रूपान्तरण गर्नु थियो ।

संविधानसभा चुनाव र लोकतान्त्रिक गणतन्त्रको राजनीतिक कार्यक्रम तथा ढाडमा टेकेर टाउकोमा प्रहार गर्ने फौजी कार्यक्रम बाह्रौँ योजनाको फौजी-राजनीतिक समुच्चय थियो । यही आधारमा एकातिर सात राजनीतिक दलसँग संविधानसभा चुनाव र लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि कार्यगत एकता बन्यो र अर्कोतिर माओवादी पार्टीले आफ्नो सैन्य संरचनालाई तीन डिभिजनबाट सात डिभिजनमा विकास गऱ्यो । माओवादी पार्टीले संविधानसभा चुनाव र लोकतान्त्रिक गणतन्त्रलाई आफूले सके 'नौलो जनवादी गणतन्त्रमा रूपान्तरण गर्ने' र संसद्वादीहरूले सके 'पुँजीवादी गणतन्त्रमै सीमित गर्ने' सम्भावना रहेको समेत बिश्लेषण गरिएको थियो । प्रक्षेपित विद्रोहलाई जनताको संविधान निर्माणका रूपमा यसरी संश्लेषण गरिएको थियो- 'हामी जनसंविधान लेख्न बल गर्नेछौँ, उनीहरू (संसद्वादी दलहरू) ले त्यसमा अवरोध गर्नेछन् । उनीहरूले लेख्न ... बाँकी ३ पृष्ठमा

## सम्पादकीय

# राष्ट्रिय जागरण अभियानले ल्याएको लहर

दलाल पुँजीवादी शासकहरूले देश र जनतामाथि गम्भीर किसिमका घातहरू गरिरहेको र त्यसलाई अनुमोदन गाउनका लागि कथित प्रदेश र सङ्घको चुनाव घोषणा गरेको अवस्थामा नेकपा (बहुमत) ले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूलाई केन्द्रमा राखेर 'राष्ट्रिय जागरण तथा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' आरम्भ गरेको छ । 'संसदीय संशोधनवादका विरुद्ध सङ्घर्ष गरौँ ! वैज्ञानिक समाजवाद स्थापनाको बाटोमा अघि बढौँ !!' नारा तय गरेर आरम्भ गरिएको देशव्यापी अभियानले महँगी, कालोबजारी, भ्रष्टाचार, अनियमितता र शोषणको जालोमा परेर उकुसमुकुस भएका श्रमिक जनतामा एउटा खुसीको लहर सञ्चार गरेको छ । नेकपा (बहुमत) ले आरम्भ गरेको अभियानका कारण देशभक्तहरूमा पनि यो देश र जनताका लागि निरन्तर लडिरहने एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टी क्रियाशील छ र जनतालाई निरन्तर राष्ट्रियता रक्षाका लागि आन्दोलित बनाइरहेको छ भन्ने एउटा नयाँ सन्देश दिएको छ । अभियानमा जनताको सक्रिय सहभागिता र क्रियाशीलताले अभियान सही समयमा सही योजना, नारा र कार्यक्रम लिएर आएको महसुस सबैतिर भएको अनुभूति गरिएको छ । मुलुकमा अभाव, सङ्कट, महँगी, भ्रष्टाचार र अनियमितताको कालो बादल मडारिइरहेको समयमा यो अभियानले मरुभूमिमा बर्सात्ले ल्याएको जस्तो खुसीको सञ्चार छरेको छ । अभियानमा लामबद्ध हुने क्रममा उत्पीडित किसान, मजदुर, महिला, दलाल पुँजीवादको चपेटामा परेका व्यवसायीहरूले आफ्नो आवाज पार्टीले बोलिदिएको भन्दै खुसी व्यक्त गरेका छन् । पार्टीमा सङ्गठित हुने जनताको सङ्ख्या तीव्रतामा बढेको छ । यसै क्रममा विभिन्न संसदीय संशोधनवादी, अवसरवादी, सम्झौतावादी पार्टीहरूमा दिग्भ्रमित भएर बसेकाहरू ती पार्टीहरूबाट विद्रोह गर्दै नेकपा (बहुमत) मा लामबद्ध भएका छन् । यसले अभियानको सार्थकता र सफलताको सङ्केत गरेको छ ।

नेकपा (बहुमत) ले अभियानको आरम्भमै राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित २३ बुँदे मागहरू अघि सार्दै सरकारलाई ती मागहरू अविलम्ब सम्बोधन गर्न आह्वान पनि गरेको छ । नेकपा (बहुमत) ले राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी, एसपीपी सम्झौता खारेज गर्न, नेपाल र भारतबीच भएका असमान सन्धि–सम्झौता खारेजी तथा पुनरावलोकन गर्न, भारतीय साम्राज्यवादद्वारा अतिक्रमित नेपालका भूभाग फिर्ता गराउन, खुला सिमाना बन्द गरी वर्क पर्मिट लागू गर्न, साम्राज्यवादी तथा प्रतिक्रियावादी उद्देश्यद्वारा सञ्चालित गैरसरकारी संस्थाहरूलाई नियन्त्रण तथा नियमन गर्न, आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उद्योग, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्यका साथै सबै किसिमका साम्राज्यवादी सांस्कृतिक अतिक्रमण अन्त्य गर्न माग गरेको छ ।

नेकपा (बहुमतले जनताको वास्तविक जनगणतन्त्र स्थापना गर्न प्रत्याह्वानको व्यवस्थासहित निर्वाचित कार्यकारी प्रमुख र न्यायपालिका भएको स्वाधीन संयुक्त सरकार गठन गर्न, आत्मनिर्णयको अधिकारसहित उत्पीडित राष्ट्रियता र उत्पीडित क्षेत्रहरूको स्वायत्तता लागू गर्न, महिला हिंसा तथा लैङ्गिक विभेद, जातीय प्रथा, वर्णलगायत सम्पूर्ण विभेद अन्त्य गर्न, सरकारसँग करिब २ वर्षअघि भएको तीनबुँदे सहमति लागू गर्न, सहमतिविपरीत र जनयुद्धका प्रक्रियामा लगाइएका झूट्टा मुद्दा खारेज गरी सम्पूर्ण राजबन्दीहरू रिहा गर्न पनि माग गरेको छ ।

त्यसैगरी नेकपा (बहुमत) ले सम्पूर्ण नेपाली जनतालाई जमिनमाथि जन्मसिद्ध अधिकार सुनिश्चित गर्न, दलाल तथा नोकरशाही पुँजी राष्ट्रियकरण गरी राष्ट्रिय उद्योगहरू स्थापना गर्न, सम्पूर्ण नेपाली नागरिकको आवासको व्यवस्था सुनिश्चित गर्नुका साथै सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको तुरुन्त वैकल्पिक व्यवस्था गर्न, सम्पूर्ण श्रमिकको न्यूनतम् ज्याला दैनिक १ हजार व्यवस्था गर्न, विदेशमा पलायन भइरहेको सीप र श्रमलाई रोक्न स्वदेशमा रोजगारीको योजनाबद्ध व्यवस्था गर्न, किसानहरूलाई उपयुक्त समयमा नै मल, बिउ, औजारको सस्तो र सुलभ व्यवस्था गर्न, सबैलाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गर्न, साना तथा मझौला उद्योगहरूलाई विशेष सहुलियतको व्यवस्था गर्न, अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाको उचित संरक्षण प्रदान गर्न, जनयुद्ध र जनआन्दोलनका घाइते तथा अपाङ्ग योद्धाहरूको उपचार तथा जीविकाको उचित व्यवस्था गर्न, कालोबजारिया, तस्कर, घूसखोर, भ्रष्टाचारी, कमिसनखोरहरूलाई कडा सजाय गरी अनुचित रूपले आर्जित सम्पत्ति राष्ट्रियकरण गर्न, मिटरब्याजी, लघुवित्त, सहकारी र बैङ्कहरूद्वारा गरिएको सूदखोरीको नियमन गरी त्यसमा संलग्न अधिकारीहरूलाई कडा कारबाही गर्न, लागूपदार्थको दुर्व्यसन अन्त्य गर्नका लागि राष्ट्रिय संयन्त्र गठन गर्न पनि माग गरेको छ ।

नेकपा (बहुमत) ले नेपाली जनतालाई क्रान्तिका अगुवा भनिनेहरूले बारम्बार धोका दिँदै र गद्दारी गर्दै आफू, आफ्नो समूहका लागि क्रान्तिको दुरुपयोग गरेको निष्कर्ष निकाल्दै इतिहासका खराब प्रवृत्ति र घटनाहरू पुनरावृत्त हुन नदिन नयाँ जनवादका कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवादी क्रान्ति गर्ने लक्ष्य तय गर्ने कार्यदिशा निर्माण गरेको सगर्व उद्घोष पनि गरेको छ । पार्टीले लामो समयदेखि निरन्तर रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू झेलिरहेका नेपाल र नेपाली जनताका पक्षमा उठाएका यी विषय सम्पूर्ण न्यायप्रेमी, देशभक्त जनताका साझा माग हुन् । शोषण, दमन र उत्पीडन गरेर जनताको श्रमपसिनामा बाँच्ने बानी परिसकेका दलाल पुँजीवादी शासकहरूले पार्टीले विनम्रतापूर्वक मसिनो स्वरले उठाएका जनताका आवाज सुन्ने देखिँदैन । 'लातको भूत बातले मान्दैन' भन्ने नेपाली उखान चरितार्थ गर्दै २०५२ सालमा तत्कालीन नेकपा (माओवादी) सरकारसँग आफूले संजमोमार्फत राखेका ४० सूत्रीय माग पूरा नहुँदा बल प्रयोगको सिद्धान्त व्यवहरमा रूपान्तरण गर्न बाध्य बनेको थियो । सहमति कार्यान्वयन नगरी उल्टै पक्राउ पुर्जी जारी गर्ने, सिङ्गो देशभक्त जनताले विरोध गर्दागर्दै राष्ट्रघाती नागरिकता विधेयक र एमसीसी पारित गरेर राष्ट्रियतामाथि घन बजार्ने शासकहरू वैधानिक आन्दोलनले मात्र चेत्ने हुन् वा जनताले नयाँ विद्रोहको बाटो रोज्नुपर्ने हो, त्यो भने शासकमै भर पर्ने कुरा हो । दुईमहिने अभियानले सिङ्गो जनतालाई देश र आफूमाथि मडारिइरहेको कालो बादल हटाउने आन्दोलनमा लामबद्ध गराउन पनि यो अभियान सार्थक बन्ने अपेक्षा गरिएको छ र आरम्भकै एक सातामा त्यसका पर्याप्त लक्षणहरू पनि देखिएका छन् ।

# नेकपा (बहुमत) जनताको घरदैलोमा

## (दुईमहिने अभियानका लागि नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को हाते पर्चा)

### संसदीय संशोधनवादका विरुद्ध सङ्घर्ष गरौँ !
### वैज्ञानिक समाजवाद स्थापनाको बाटोमा अघि बढौँ !!

**आदरणीय जनसमुदाय,**

नेपाली जनताले अहिलेसम्म धोका मात्रै पाएका छन् । केही वर्षअघि क्रान्ति गर्ने उद्घोष गरेको एउटा पार्टीका मुख्य नेताले सिङ्गो पार्टीलाई संशोधनवादी कार्यनीति तय गरेर संसद्वादमा फसाउने दुष्कार्य गरेका थिए । तर उक्त पार्टीमा रहेका बहुमतभन्दा बढी क्रान्तिकारी शक्तिले उनीहरूलाई कारबाही गरी नयाँ जनवादका कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवादी क्रान्ति गर्ने लक्ष्य तय गर्ने कार्यदिशा निर्माण गरेको छ । यति मात्र नभएर स्वाधीनतासहितको संयुक्त सरकार निर्माणको कार्यनीति किटान गरेको छ । यस कार्यले एकातिर नेपाली क्रान्तिको न्यूनतम् कार्यक्रम, कार्यदिशा, कार्यनीति र तत्कालीन कार्यक्रम बनाएर नेपाली श्रमिक र उत्पीडित जनताको सत्ता निर्माणको मार्ग प्रशस्त गरेको छ । अर्कोतिर एकीकृत जनक्रान्तिका नाममा समाजवादी क्रान्तिलाई तत्कालका लागि सुदूर भविष्यको कुरा बनाउने र जुझारु अर्थवादले निर्देशन गरेका आन्दोलनका रूपवादका विरुद्ध विद्रोह गरेर साँच्चैको क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को निर्माण भएको छ । यस कार्यले सबैखाले संशोधनवादका विरुद्ध वैचारिक, सैद्धान्तिक र राजनीतिक धावा बोल्न सफल भएको छ ।

अहिले नेपाल र नेपाली जनताले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका भीमकाय पहाडद्वारा थिचिनु परेको छ । भारतीय साम्राज्यवादले दसकौँदेखि भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपले नेपाल र नेपालीमाथि उत्पीडन थोपरेको छ । शोषण गरेको छ । यसको निरन्तरता कायमै छ । पछिल्लो क्रममा अमेरिकी साम्राज्यवादले यहाँका पुराना र नयाँ संशोधनवादी पार्टी र तिनीहरूका मुख्य नेता, नोकरशाहहरूलाई लोभ, लालच, डर र धम्कीको भरमा नवऔपनिवेश कायम गरिरहेको छ । त्यसैको पछिल्लो आयाम सहश्राब्दी चुनौती निगम (MCC), राज्य साझेदारी कार्यक्रम (SPP) हुन् । यी दुवै हिन्द–प्रशान्त रणनीति (IPS) अन्तर्गत रहेका छन् । गएको फागुन १५ गते संसद्बाट एमसीसी पारित गरिएको छ भने सन् २०१८ मा नेपाली सेनाका तर्फबाट अमेरिकी सरकारलाई एसपीपी लागू गर्न पठाएको पत्र सार्वजनिक हुनुका साथै नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले स्वीकार गरिसकेका छन् ।

नेपालको सरकारमा रहेका पार्टीहरूले नागरिकताजस्तो अत्यन्तै संवेदनशील, गम्भीर र महत्वपूर्ण विषयमा खेलबाड गर्ने र नेपालको तराई र अन्य स्थानमा पुस्तौँपुस्तादेखि बसोबास गर्दै आएका शोषित–पीडित, दलित र भूमिहीन, निर्धा–निमुखा, श्रमजीवी जनसमुदायले नागरिकता नपाउने तर अनेक जालझेल, लोभ–लाभ, आश्वासन–प्रलोभन, प्रभाव–दबाब र पैसाको चलखेलका आधारमा गैरनेपाली नागरिकले नागरिकता पाउने गरी चलिआएको राष्ट्रहितविपरीतको प्रपञ्चकारी परम्परालाई कानुनी मान्यता दिने गरी नागरिकतासम्वन्धी विधेयक सङ्घीय संसद्बाट हठात् र बलात् पारित गरियो । त्यसले सच्चा नेपाली नागरिकहरूलाई नै अल्पमतमा पार्नेजस्तो गम्भीर र भयावह अवस्था सिर्जना गर्दछ । भारतको नागरिकता भएका व्यक्तिसँग नेपाली महिलाले विवाह गर्दा उनले भारतको नागरिकता पाउन ७ वर्ष कुर्नुपर्ने तर भारतकी महिलाले नेपाली नागरिकसँग विवाह गरेकै भोलिपल्ट नागरिकता पाउने यो विभेदकारी अवस्था बनाइयो । अङ्गीकृत नागरिकता पाउनुपर्ने जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने प्रावधान राखियो । उक्त विधेयकमा जन्मसिद्ध तथा अङ्गीकृत नागरिकका सन्तानले वंशजको नागरिकता पाउने व्यवस्था गरियो । यो विधेयक पारित भएपछि नेपाली पुरुष नागरिकले वैवाहिक सम्बन्ध कायम गरी ल्याएकी विदेशी महिलाले तत्काल नेपाली नागरिकता पाउने व्यवस्था गरिएको छ । यो दुवै व्यवस्थाले उत्पन्न गर्ने जनसङ्ख्याको भार हाम्रोजस्तो सानो देशले थेग्न सक्दैन । त्यसकारण नेपालले जनसङ्ख्या अतिक्रमण रोक्नका लागि दह्रो नागरिकता नीति लिनुपर्छ । हाम्रो पार्टीलगायत अन्य ५ पार्टी र एउटा मोर्चाले उक्त विधेयकका विरुद्ध चरणबद्ध आन्दोलन गर्नुका साथै राष्ट्रपतिलाई फिर्ता गर्न दिएको ज्ञापनपत्रका कारण राष्ट्रपतिद्वारा संसद्मा फिर्ता गरिएको छ । सायद संसद्ले फास्ट ट्र्याकबाट पुनः पारित गर्दैछ ।

**आदरणीय जनसमुदाय !**

वर्तमान संसदीय प्रणालीले एकातिर जनताका सामान्य अधिकारहरूलाई सुनिश्चित गर्नुको सट्टा संविधानमा किटान गरिएका प्रावधानहरू कार्यान्वयन गर्न माग गर्दै गरिएका आन्दोलनहरूमा वर्तमान सत्ताले बुट, लाठी र गोलीद्वारा दमन गरेको छ । २०७५ साल साउन १० गते बलात्कार गरी हत्या गरिएकी निर्मला पन्तलगायत सयौँ महिलाले न्याय पाएका छैनन् । महिलामाथिको हिंसा दिन दुई गुना रात चौगुना बढेको छ । निहारिका राजपुतहरू न्याय नपाएर राष्ट्रपति भवनअगाडि पेट्रोल खन्याएर आत्महत्याको प्रयास गरिरहेका छन् । एक्काईसौँ शताब्दीमा पनि वर्ण र जातका आधारमा छुवाछूत कायमै छ । गैरदलितसँग प्रेम गरेबापत दलित युवाहरूको हत्या हुने गरेको छ । नेपालका राजनीतिक पार्टीका मुख्य नेताका आसेपासेहरूले गरिब किसानहरूको जमिन रजिस्ट्रेसन पास गराउने, तमसुक बनाउने, नामसारी गराउने गरेर हडप्ने मात्र होइन, मिटरब्याजका नाममा लाखलाई करोड पुऱ्याउने गरेका छन् । गरिब किसानको जमिन जग्गा दलालहरूले कौडीको भाउमा किन्ने गरेका छन् । यति मात्र होइन, प्रशासन, मालपोत कार्यालय, स्थानीय सत्तामा खडा गरिएका वडा, पालिका, नगरपालिकाको सहयोग र योजनामा तराईका क्षेत्रमा गरिब किसानका जमिन भारतीय नागरिकले हडपेर अरूलाई बेची जग्गाविहीन बनाइदिएका छन् । बैङ्कहरूले धरौटी राख्ने नाममा गरिब किसानका जग्गा हडपेका छन् । सहकारी, लघुवित्तहरू जनतालाई महँगो ब्याज तोकेर आधुनिक सूदखोर बनेका छन् । आर्थिक असमानता कति छ भने १ सयजना दलाल पुँजीपतिहरूसँग देशको ९० प्रतिशत सम्पत्ति केन्द्रित हुन पुगेको छ । वित्तीय अवस्था कति डरलाग्दो भएको छ भने ५० खर्ब बैङ्क मौज्दातमा केवल सयजनाले ३० खर्ब ऋण लिएका छन् । यसरी सरकारी पुँजीमा उनीहरूको एकलौटी पकड छ ।

अदालती न्यायप्रणाली जनताको पहुँचबाहिर, महँगो मात्र नभएर एकदमै ढिलासुस्ती र अन्यायपूर्ण रहेको छ । संसदीय निर्वाचनप्रणाली महँगो भएको स्वयम् संसदीय नेताहरूले नै खुलासा गरेका छन् । वर्तमान संसदीय व्यवस्था, पार्टी र नेतासँग वाक्क भएर युवाहरू स्वतन्त्र हुने गरेका छन् । २०७२ सालको संविधानमार्फत पुनर्स्थापित संसदीय प्रणाली र व्यवस्थाले जनतालाई कुनै राहत दिनुको सट्टा आहत नै आहत दिएको छ । २०७७ साल फागुन २१ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र सरकारबीच भएको ३ बुँदे सहमति अहिलेसम्म लागू भएको छैन जसका कारण अहिले पनि विगतका बुँदासँग जोडेर ४५ जना नेता–कार्यकर्ताले जेलजीवन बिताउनु परिराखेको छ । नेता–कार्यकर्तालाई अदालतले धमाधम पक्राउ पुर्जी जारी गरेको छ, मुद्दा लगाइएकाहरूको सम्पत्ति जफत गरिएको छ । यसबाट वर्तमान राज्यप्रणाली र सरकार फासिस्ट बन्दै गइराखेको झनै प्रस्ट हुन्छ ।

जनजीविका झनै अत्यासलाग्दो छ । पढेका, तालिम प्राप्त नवयुवाहरू रोजगारविहीन छन् । त्यसैले कक्षा १२ उत्तीर्ण विद्यार्थीको लर्को विदेशतिर छ । विगत ८ महिनामा १ लाख २ हजार युवाहरू नो अब्जेक्सन लेटर लिएर बिदेसिएका छन् । अहिलेसम्म ६९ लाख श्रम गर्न योग्य जनशक्ति विदेशमा छ । दुई किसिमको शिक्षाप्रणाली मात्र नभएर अचकाली महँगो छ । एमबीबीएस पढ्नका लागि सरकारले नै ४४ लाख रूपैयाँ तोकिदिएको छ । सबै प्राविधिक शिक्षा महँगा र निजी छन् । नेपालका सबैभन्दा धनी र उद्योगपतिहरूले निजी शिक्षा र स्वास्थ्यमा लगानी गरेका छन् । आमजनताले उपचारका लागि आफ्नो चल( अचल सम्पत्ति बेच्नुपरेको छ । गत वर्ष मात्र ५ लाख उपचारका लागि खर्च गरेका कारण गरिबीको रेखामुनि पुगेका छन् । उपभोग्य वस्तुको मूल्य दिन–प्रतिदिन बढिरहेको छ । यातायात, ढुवानीका लागि एकदमै महत्वपूर्ण बस्तु पेट्रोलियम पदार्थको मूल्य बढेको बढ्यै छ । अन्तर्राष्ट्रिय बजारमा दुई–दुईपटक मूल्य घट्दा पनि यहाँ घटाइएको छैन । भ्रष्टाचारले नलपेटेको कुनै क्षेत्र छैन । शारीरिक रूपमा अपाङ्ग, वृद्धवृद्धाहरू सडकमा माग्न पुगेका छन् । ८१ लाख नेपाली जमिनविहीन हुन पुगेका छन् ।

माथि उल्लेख गरिएका सबै समस्याको जड वर्तमान दलाल संसदीय राज्यप्रणाली र व्यवस्था हो । जबसम्म यो व्यवस्था र राज्यप्रणालीको समूल नष्ट गरी वैज्ञानिक समाजवादको स्थापना हुँदैन तबसम्म यस्ता समस्या झनै थपिँदै जान्छन् । वैज्ञानिक समाजवादमा मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सकिन्छ । तसर्थ सबै देशभक्त, जनवादी, प्रगतिशील शक्ति एक भएर वैज्ञानिक समाजवादका लागि सङ्घर्ष गर्नुको विकल्प छैन । सङ्घर्ष गर्नका लागि सङ्गठित हुन जरुरी छ । त्यसैले सम्पूर्ण श्रमिक, उत्पीडित जनसमुदायलाई नेपाल कम्युनिस्ट पार्टी (बहुमत), यसका जनवर्गीय सङ्गठन र मोर्चामा सङ्गठित हुन विशेष अनुरोध गरिन्छ । आउनुस्, सबै देशभक्त, सच्चा वामपन्थी, प्रगतिशील शक्ति एक होऔँ ।

हाम्रो पार्टीले नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई लिएर तपसिलका मुद्दाहरू किटान गरेको छ :

**राष्ट्रियतासम्बन्धी मुद्दाहरू**

१) हिन्द–प्रशान्त रणनीतिअन्तर्गत अमेरिकी साम्राज्यवाद र नेपालबीच भएको सहश्राब्दी चुनौती निगम (MCC) तथा राज्य साझेदारी कार्यक्रम (SPP) सम्बन्धी सम्झौता खारेज गरियोस् ।
२) नेपाल र भारतबीच भएका असमान सन्धि–सम्झौताहरू खारेजी तथा पुनरावलोकन गरिनुपर्छ ।
३) नेपालका विभिन्न स्थानमा भारतद्वारा अतिक्रमित भूभाग फिर्ता गराउन राज्यद्वारा पहल गरियोस् । यसका साथै खुला सिमाना बन्द गरी वर्क पर्मिट (श्रम स्वीकृति) को व्यवस्था गरियोस् ।
४) साम्राज्यवादी तथा प्रतिक्रियावादी उद्देश्यद्वारा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सरकारद्वारा नियन्त्रण तथा नियमन गरियोस् ।
५) आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उद्योग, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ । यसको विकल्पमा राज्यद्वारा सञ्चालित राष्ट्रिय उद्योगहरू स्थापना गरिनुपर्छ ।
६) सम्पूर्णखाले साम्राज्यवादी सांस्कृतिक अतिक्रमण अन्त्य गरिनुपर्छ ।

**जनतन्त्रसँग सम्बन्धित मुद्दाहरू**

१) जनताको वास्तविक जनगणतन्त्र स्थापना गर्न प्रत्याह्वानको व्यवस्थासहित निर्वाचित कार्यकारी प्रमुख र न्यायपालिका भएको स्वाधीन संयुक्त सरकार गठन गरिनुपर्छ ।
२) आत्मनिर्णयको अधिकारसहित उत्पीडित राष्ट्रियता र उत्पीडित क्षेत्रहरूको स्वायत्तता लागू गरियोस् ।
३) महिला हिंसा तथा लैङ्गिक विभेद, जातीय प्रथा, वर्णविभेद, मुस्लिम तथा मधेसी समुदायमाथिको विभेद अन्त्य गरियोस् ।
४) तीनबुँदे सहमतिविपरीत र जनयुद्धका प्रक्रियामा लगाइएका झूट्टा मुद्दा खारेज गरी सम्पूर्ण राजबन्दीहरू रिहा गरियोस् ।

**जनजीविकासम्बन्धी मुद्दाहरू**

१) सम्पूर्ण नेपाली जनतालाई जमिनमाथि जन्मसिद्ध अधिकार सुनिश्चित गरियोस् ।
२) दलाल तथा नोकरशाही पुँजीको राष्ट्रियकरण गरी राष्ट्रिय उद्योगहरू स्थापना गरियोस् ।
३) सम्पूर्ण नेपाली नागरिकको आवासको व्यवस्था राज्यद्वारा सुनिश्चित गरियोस् र सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको तुरुन्त वैकल्पिक व्यवस्था गरियोस् ।
४) सम्पूर्ण श्रमिकहरूको न्यूनतम् ज्याला दैनिक १ हजार हुने गरी कडाइपूर्वक लागू गरियोस् ।
५) विदेशमा पलायन भइरहेको सीप र श्रमलाई रोक्न स्वदेशमा रोजगारीको योजनाबद्ध व्यवस्था गरियोस् ।
६) किसानहरूलाई उपयुक्त समयमा नै मल, बिउ, औजारको सस्तो र सुलभ व्यवस्था गरियोस् । यसका साथै किसानको उपज राज्यद्वारा खरिद गरियोस् र बजारको व्यवस्था गरियोस् । मल उत्पादन गर्ने कारखाना सरकारी नियन्त्रणमै खोलियोस् र सञ्चालन गरियोस् ।
७) सबैलाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गरियोस् ।
८) साना तथा मझौला उद्योगहरूलाई विशेष सहुलियतको व्यवस्था गरियोस् ।
९) अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाको राज्यद्वारा उचित संरक्षण प्रदान गरियोस् ।
१०) जनयुद्ध र जनआन्दोलनका घाइते तथा अपाङ्ग योद्धाहरूको उपचार तथा जीविकाको उचित व्यवस्था गरियोस् ।
११) कालोबजारिया, तस्कर, घूसखोर, भ्रष्टाचारी, कमिसनखोरहरूलाई कडा सजाय गरी अनुचित रूपले आर्जित सम्पत्ति राष्ट्रियकरण गरियोस् ।
१२) मिटरब्याजी र लघुवित्तहरू, सहकारीहरू र बैङ्कहरूद्वारा गरिएको सूदखोरीको नियमन गरी संलग्न अधिकारीहरूलाई कडा कारबाही गरियोस् ।
१३) लागूपदार्थको दुर्व्यसन अन्त्य गर्न राष्ट्रिय संयन्त्र गठन गरियोस् ।

**नेपाल कम्युनिस्ट पार्टी (बहुमत)**
नवौँ महाधिवेशन आयोजक समिति

## एकीकृत जनयुद्ध : नेपाली ...

चाहने बुर्जुवा संविधान हामी लेख्न दिनेछैनौँ । हाम्रो संविधान उनीहरूले लेख्न दिने छैनन् । हो, त्यो बेला विद्रोह एक अनिवार्य सर्त बन्नेछ ।'

२०६४ मा सम्पन्न प्रथम संविधानसभा निर्वाचनबाट निर्धारित समयसीमाभित्र संविधान बन्न नसकेको भन्ने बनाएर जब संविधानसभाबाट संविधान बन्न नसक्ने परिस्थिति निर्माण गरियो र त्यहीबीचमा सात डिभिजन अर्थात् १९,६०२ जनाको सङ्ख्यामा रहेको जनमुक्ति सेनाको समेत विघटन (२०६८ चैत २८) गरियो । लगत्तै संविधानसभा विघटन (२०६९ जेठ १४) गरीयो । एउटा रहस्यमय कुरा के भयो भने जनमुक्ति सेना र संविधानसभा चुनाव विघटनको दुवै कार्य माओवादी पार्टीकै नेतृत्वमा हुन गए ! त्यो बेला सरकारको नेतृत्व माओवादी नेता बाबुराम भट्टराईले गरेका थिए । यसखाले घटनाशृङ्खला र परिणामले माओवादी पार्टीको राजनीतिक अस्तित्वमाथि निकै ठूलो प्रश्नचिह्न खडा भयो ! पार्टीको कार्यनीति, कार्यदिशा, कार्यक्रमबारे स्वाभाविक प्रश्नहरू सुरु भए– संविधानसभा चुनाव र लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिले विद्रोह पैदा गर्ने भनिएको थियो, किन भएन ? बरु उल्टो यही कार्यनीतिमा टेकेर जनयुद्धकै विघटन गरियो ! सर्वहारावर्गीय सैन्य कार्यदिशाको तेस्रो मोडल परिभाषित 'फ्युजन' को कार्यदिशाले निर्देश गरेको गन्तव्य के लोकतान्त्रिक गणतन्त्र मात्रै थियो ? वा मूलभूत रूपमा जनवादी गणतन्त्र थियो ?

घटनाशृङ्खला यहाँसम्म आइपुग्दा क्रान्तिको भाष्यमा समेत नै निकै ठूला हेरफेरहरू सुरु भैसकेका थिए । सुरुआती समयमा 'जनयुद्धको नयाँ उचाइ', 'क्रान्तिको नयाँ मोडल' परिभाषित संविधानसभा अन्तिममा गएर 'युद्ध लड्न नसकेर फर्किएको सिपाहीको कथा' बन्न पुग्यो । शीर्ष नेता तथा कमान्डरहरूले नै 'अब लड्न सकिँदैन', 'लड्न नसकेरै शान्तिप्रक्रियामा आएको हो' भन्न सुरु गरे ।

### २. दृष्टान्त

जनमुक्ति सेना र प्रथम संविधानसभाको विघटनपश्चात् जनयुद्धको बाह्रौँ योजनाले संश्लेषण गरेको 'विद्रोह' अर्थात् 'जनसंविधान निर्माण' अब सम्भव रहेन । प्रथम संविधानसभा विघटनपश्चात् दोस्रो संविधानसभा चुनावले स्वतः पुँजीवादी गणतन्त्रतिर घिसार्ने सुनिश्चित भएपछि जनयुद्धको मूल्य रक्षार्थ पार्टी र आन्दोलनको पुनर्गठन एउटा अनिवार्य आवश्यकता बन्न गयो । परिणामतः माओवादी पार्टीको विभाजन र पुनर्गठन भयो । जनयुद्धको जगमा जनविद्रोहको कार्यदिशासहित २०६९ मा नेकपा–माओवादीको गठन भयो ।

'जनयुद्धको जगमा जनविद्रोह' आधारभूत रूपले माओवादी आन्दोलनको पुनर्गठन थियो । यो पुनर्गठनका दुई वटा आयाम थिए । एउटा थियो– जनयुद्धको निरन्तरतासहितको पुनर्गठन र अर्को थियो– जनयुद्धको विकाससहितको पुनर्गठन । जनयुद्धको पुनर्गठनसहितको निरन्तरता यसर्थ कि 'प्रत्याक्रमणको चरणमा प्रवेश गरेको जनयुद्धले प्रत्याक्रमणलाई विद्रोहद्वारा पूरा गर्नुपर्छ, त्यो सम्भव नभए रक्षा वा सन्तुलनमा फर्कनुपर्छ ।' जनयुद्धको विकाससहितको पुनर्गठन यसर्थ कि 'जनयुद्धका सामु जुन प्रकृति र स्तरका सैन्य–राजनीतिक चुनौतीहरू खडा भएका थिए तिनको विकसित सैन्य–राजनीतिक रणनीतिद्वारा सामना गर्नु ।'

संविधानसभाको पहिलो चुनाव र विघटन तथा दोस्रो संविधानसभाको चुनावसम्म आइपुग्दा वस्तुगत परिस्थितिमा धेरै हेरफेर भैसकेको थियो । माओवादी पार्टी विभाजित भएको थियो । जनमुक्ति सेना विघटित भएको थियो । नेता र कार्यकर्ताको ठूलो हिस्सा बुर्जुवा संसदीय व्यवस्थामै फर्किएको थियो । त्यो बेला क्रान्ति कसरी सम्भव छ ? यसबारे पार्टीमा स्वाभाविक बहस सुरु भयो । बहसलाई पार्टीभित्रको एउटा पङ्क्तिले विद्रोह (प्रत्याक्रमण) मात्र होइन, जनविद्रोहकै रणनीति बताएर क्रान्ति र आन्दोलनलाई सुदूर भविष्यको विषय बनाउने प्रयत्न सुरु गर्‍यो । पार्टी विभाजित भएको मात्र नभएर जनमुक्ति सेना छिन्नभिन्न भैसकेको अवस्थामा जनविद्रोहको रणनीति अवस्तुवादी संश्लेषण हुन जान्थ्यो । यो अवस्थामा जसरी लोकतान्त्रिक गणतन्त्रका नाममा 'लड्न नसकेर शान्तिप्रक्रियामा आएको हो' भन्ने निष्कर्ष आत्मसमर्पणवादी थियो त्यसरी नै 'जनयुद्ध एउटा अनुभव मात्र हो, मूलभूत रूपमा गर्नुपर्ने कार्य विद्रोह नै हो । ४० वर्ष पर्खेर भए पनि विद्रोह गर्नुपर्छ' भन्ने तर्क सुधार र विसर्जनकै बाटो हुन जान्थ्यो ।

सुधार वा क्रान्ति ? विसर्जन वा विद्रोह ? फेरि अर्कोपटक अग्निपरीक्षा सुरु भयो । त्यसकै जबाफस्वरूप सुधारवादका विरुद्ध क्रान्ति र विद्रोहको मशाल बालेर 'एकीकृत जनक्रान्ति' को नयाँ कार्यदिशा संश्लेषणसहित २०७१ मा दोस्रोपटक पार्टीको पुनर्गठन भयो ।

तर बिडम्बना के भयो भने झन्डै आठ वर्षको समयावधि बित्दा पनि एकीकृत जनक्रान्तिले कुनै मूर्त आकार ग्रहण गर्न सकेन । यो एउटा यस्तो 'मनचिन्ते झोली' वा 'रबरको टोपी' जस्तो बन्न गयो । सीमाहीन व्याख्या, सीमाहीन फैलावट, सीमाहीन प्रयोगले एकीकृत जनक्रान्तिलाई एकपछि अर्को भद्दा र कुरूप बनाउन थाल्यो । समय–सीमा, व्याख्या र प्रयोगको यही अमूर्तताले एकीकृत जनक्रान्तिलाई सारसङ्ग्रहको थुप्रोमा परिणत गरिदियो । सम्भवतः यही सीमाहीन प्रयोग, व्याख्या र फैलावटकै सबभन्दा खराब परिणाम अन्ततः संसदीय व्यवस्थाभित्रको निर्वाचन उपयोगमा बदलियो । चुनावको कार्यनीतिक उपयोगका नाममा एकीकृत जनक्रान्ति जब संसदीय किच्चडमा हिलाम्मे भयो, दुर्गन्धित भयो तब त्यसका विरुद्धको अर्को विद्रोह आवश्यक भयो जसलाई हामीले 'एकीकृत जनयुद्ध' को फौजी कार्यदिशाअन्तर्गत संश्लेषण गरेका छौँ ।

### ३. सन्दर्भ

*तर आजको विश्वमा न त प्रत्यक्ष विश्वयुद्धको स्थिति छ, न मजदुर र किसानको अवस्था रुसकालीन र चीनकालीन छ । हाम्रो नेपालकै अवस्थालाई हेर्ने हो भने ७० लाखभन्दा बढी युवा जनशक्ति विदेशमा गएर श्रम बेच्न बाध्य छ । पुँजीवादी श्रमबजारका उनीहरू मजदुर हुन् तर देशमा फर्कंदा उनीहरू अर्धकिसान, अर्धमजदुर भएर रहन बाध्य छन् । अझ त उनीहरू अधिकांश बेरोजगार भएर रहन्छन् ।*

आज हामी जुन सन्दर्भमा नेपाली क्रान्तिको कार्यदिशाबारे बहस गरिरहेका छौँ यसको ऐतिहासिक शृङ्खलाबारे माथि केही चर्चा गरियो । दीर्घकालन जनयुद्ध, फ्युजन, जनयुद्धको जगमा जनविद्रोह, एकीकृत जनक्रान्ति हुँदै आज हामी एकीकृत जनयुद्धको संश्लेषणसम्म आइपुगेका छौँ ।

फ्युजन, जनयुद्धको जगमा जनविद्रोह वा एकीकृत जनक्रान्ति जे भने पनि मालेमावादी वैचारिक मान्यताबाट यसलाई अलग गर्नु नै असफलताको प्रमुख कारण हो । फ्युजनको कार्यदिशा मार्क्सवादी मान्यताबाट बिचलित हुँदैनथ्यो भने पहिलो संविधानसभाको षड्यन्त्रपूर्ण विघटन हुँदैनथ्यो । विघटन हुँदा त्यो विद्रोहमा रूपान्तरित भैसकेको हुन्थ्यो । समायोजनका नाममा जनमुक्ति सेनाको बिघटन हुँदैनथ्यो, विघटन हुनुपूर्व नै त्यो प्रत्याक्रमणमा परिणत भैसकेको हुन्थ्यो । त्यसरी नै 'जनयुद्धको जगमा जनविद्रोह' को कार्यदिशा मार्क्सवादी मान्यताबाट विचलित नभएको भए त्यो सुस्पष्ट विद्रोहको कार्ययोजनामा परिणत हुन्थ्यो कि त रक्षा अथवा सन्तुलनको कार्ययोजनामा परिणत हुन्थ्यो । त्यसरी नै एकीकृत जनक्रान्ति मार्क्सवादी मूल्यमा उभिन सकेको भए त्यो अकर्मण्यता, सारसङ्ग्रह र गोलचक्करमा फनफनी घुम्न पर्दैनथ्यो । शिवगढीबाट शिवगढी, कालोमोसोबाट कालोमोसो र चुनाव बहिष्कारबाट चुनाव उपयोगसम्मको नियतिमा बदलिँदैनथ्यो ।

### ४. परिभाषा

उत्पीडित जाति, समुदाय, क्षेत्र, राष्ट्र वा वर्गले आफ्नो मुक्तिका लागि लड्ने युद्धहरू सबै जनयुद्ध नै हुन् । कम्युनिस्ट पार्टीले त्यसखाले न्यायपूर्ण युद्धहरूको समर्थन गर्दछ र नेतृत्व गर्दछ । मानव जाति यसखाले युद्धका थुप्रै अनुभव र प्रयोगहरूका बीचबाट अघि बढेको छ । जब कम्युनिस्ट सिद्धान्तको प्रतिपादन भयो ती सम्पूर्ण अनुभवहरूलाई संश्लेषण गर्दै त्यसले एउटा मार्गदर्शन प्रदान गर्‍यो । आधारभूत रूपले त्यसलाई वर्गयुद्धको नेतृत्वअन्तर्गत सञ्चालनको नीति प्रदान गर्‍यो । जब कम्युनिस्ट सिद्धान्तले न्यायपूर्ण युद्धको नेतृत्व गर्न सुरु गर्‍यो त्यहाँदेखि यताका अनुभवहरूलाई आधारभूत रूपले दुईखाले विशेषता र मोडलमा वर्गीकृत गर्न सकिन्छ । पहिलो, दीर्घकालीन जनयुद्ध र दोस्रो अल्पकालीन सशस्त्र विद्रोह (यसलाई अल्पकालीन जनयुद्ध पनि भन्न सकिन्छ) को मोडल । मजदुर वर्गको बाहुल्य देश रुस जसले साम्राज्यवादी युद्ध लडिरहेको थियो त्यहाँ अल्पकालीन जनयुद्ध सञ्चालन गरियो भने किसान बाहुल्य देश चीन जसले साम्राज्यवादका विरुद्ध युद्ध लडिरहेको थियो, लगायत मुलुकहरूमा दीर्घकालीन जनयुद्ध सञ्चालन गरियो ।

तर आजको विश्वमा न त प्रत्यक्ष विश्वयुद्धको स्थिति छ, न मजदुर र किसानको अवस्था रुसकालीन र चीनकालीन छ । हाम्रो नेपालकै अवस्थालाई हेर्ने हो भने ७० लाखभन्दा बढी युवा जनशक्ति विदेशमा गएर श्रम बेच्न बाध्य छ । पुँजीवादी श्रमबजारका उनीहरू मजदुर हुन् तर देशमा फर्कंदा उनीहरू अर्धकिसान, अर्धमजदुर भएर रहन बाध्य छन् । अझ त उनीहरू अधिकांश बेरोजगार भएर रहन्छन् । यो स्थिति नेपालको मात्र नभएर विश्वभरका विकासोन्मुख देशहरूमा समान रूपले बढिरहेको छ । अतः एकातिर समाजको वर्गआधार विगतको भन्दा निकै फेरिएको छ भने अर्कोतिर प्रत्यक्ष साम्राज्यवादी युद्ध छैन । यो अवस्थामा क्रान्तिको रणनीतिवारे नयाँ संश्लेषण आवश्यक छ ।

### ५. प्रक्षेपण

सैन्य रणनीतिका दृष्टिले 'फ्युजन', 'जनयुद्धको जगमा जनविद्रोह' वा 'एकीकृत जनक्रान्ति' जे भने पनि दीर्घकालीन जनयुद्ध (एचयतचबअतभम उभयउभिुक धबच) र अल्पकालीन सशस्त्र जनविद्रोह (ब्कभम ष्लकगचचभअतष्यल) लाई एक–अर्काको परिपूरक बनाएर जानुपर्छ भन्ने यसको आधारभूत र साझा मान्यता थियो । तर यसरी परिपूरक बनाउँदा एउटा निश्चित अवस्थामा एउटा प्रधान र अर्को सहायकको भूमिकामा रहन्छ । कुनै पनि हालतमा दुवैलाई बराबरी स्थानमा राख्नु, एउटालाई मात्र लिएर हिँड्नु वा दुवैलाई जोडेर नयाँ बनाउनुपर्छ भन्नु अवस्तुवादी र गैरमार्क्सवादी कार्य हुन्छ किनकि, दुबैलाई बराबरी बनाउँदा त्यो अकर्मण्यतामा फस्न पुग्छ । एउटालाई मात्र बोकेर हिँड्दा त्यो एकाङ्की बन्छ । दुवैलाई जोडेर नयाँ बनाउनुपर्छ भन्दा त्यो सारसङ्ग्रह हुन्छ । अतः सही, वस्तुवादी र वैज्ञानिक विषय भनेको एउटा अवस्थामा एउटालाई मुख्य र अर्कोलाई सहायक बनाएर कार्यनीतिक शृङ्खलाहरू तयार गरेर अघि बढ्नु आजको आवश्यकता हो ।

उदाहरणका रूपमा भन्ने हो भने दसबर्से जनयुद्धको अघिल्लो चरणमा दीर्घकालीन जनयुद्ध प्रधान थियो र आमसशस्त्र विद्रोह सहायक थियो । पछिल्लो चरणमा आमसशस्त्र विद्रोह प्रधान र दीर्घकालीन जनयुद्ध सहायक बन्दै थियो । कार्यनीतिक शृङ्खलाहरू पनि त्यसैअनुरूप सञ्चालित र विकसित हुँदै थिए । जनयुद्धको जगमा जनविद्रोह तथा एकीकृत जनक्रान्तिको संश्लेषण गर्दा पनि आधारभूत रूपले हुनुपर्ने कुरा यही थियो । त्यो भएन । अतः त्यो अपूर्णतालाई सच्याउनु नै नेपाली क्रान्तिको वर्तमानको अहम् कार्यभार हो । जनयुद्धको जगमा जनविद्रोहको संश्लेषण गरेर त्यसलाई सच्याउन कोसिस नभएको होइन तर त्यो सम्भव भएन । त्यहाँ दीर्घकालीन जनयुद्धबाट आम सशस्त्र जनविद्रोहलाई अलग गर्ने मनोगतवादी गल्ति भयो । एकीकृत जनक्रान्तिको संश्लेषणपछि पनि जनयुद्ध र जनविद्रोहलाई घालमेल गर्ने अर्को सारसङ्ग्रहवादी गल्ती भयो । यसर्थ फ्युजनका नाममा गरिएको विसर्जनवादी गल्ती, जनयुद्धको जगमा जनविद्रोहका नाममा गरिएको मनोगतवादी गल्ती र एकीकृत जनक्रान्तिका नाममा गरिएको सारसङ्ग्रहवादी गल्तीबाट जोगाएर नेपाली क्रान्तिको विजयलाई सुनिश्चित गर्ने दायित्वलाई हामीले एकीकृत जनयुद्धका रूपमा संश्लेषण गरेका छौँ ।

*७ भदौ, २०७९*

## सिन्धुपाल्चोकमा राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन



मेलम्ची/ नेकपा (बहुमत) सिन्धुपाल्चोकले दुईमहिने राष्ट्रिय जागरण तथा सङ्गठनका विस्तार अभियान मेलम्ची नगरपालिकामा उद्घाटन गरेको छ । पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् सिन्धुपाल्चोक–दोलखा इन्चार्ज विनयराज शर्माको प्रमुख आतिथ्य र जिल्ला संयोजक प्रतीकको अध्यक्षतामा अभियान उद्घाटन गरिएको हो ।

सयौँ पार्टी कार्यकर्ता, समर्थक र शुभचिन्तकको उपस्थिति रहेको कार्यक्रममा सम्बोधन गर्दै विनयराजले वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्न सबैजना एकजुट भएर लड्नुपर्ने र यसका लागि जनताको साथ अनिवार्य आवश्यकता रहेको बताए । उनले दलाल संसदीय व्यवस्था रहेसम्म देश स्वाधीन नहुने, जनतन्त्र, जनजीविका र राष्ट्रियता धरापमा रहने भएकाले सबै किसिमका समस्या अन्त्य गर्नका लागि जनदबाब, जनसङ्घर्ष र जनप्रतिरोध हुने पनि बताए ।

जिल्ला संयोजक प्रतीकले दुईमहिने अभियानले नेकपा (बहुमत) अझै नयाँ उचाइमा जाने बताए । अभियान केन्द्रीय कार्यक्रम भएकाले जिल्लाभरि वालपेन्टिङ गर्नुका साथै जिल्लाभरि अभियानलाई तीव्र बनाएर वडादेखि एकाइ समितिसम्म निर्माण गरिने बताए । कार्यक्रमको सञ्चालन युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सदस्य एवम् सिन्धुपाल्चोक जिल्ला इन्चार्ज विनोद दनुवारले गरेका थिए ।

## नेकपा (बहुमत) कालीकोटका इन्चार्ज र प्रमुख जिल्ला अधिकारीबीच छलफल



कालीकोट/ नेकपा (बहुमत) कालीकोटका इन्चार्ज रणबहामदुर विकले कालीकोटका प्रमुख जिल्ला अधिकारी रामहरि शर्मालाई भेटेर राजबन्दी रिहाइका सबन्धमा छलफल गरेका छन् ।

नेकपा (बहुमत) कालीकोटका जिल्ला समिति सदस्य इन्द्र तिरुवाले दिएको जानकारीअनुसार बिहीबार भएको भेटमा दुई पक्षबीच जिल्लाका समसामयिक राजनीतिका विषयमा पनि छलफल भएको थियो ।

प्राप्त जानकारीअनुसार भेटका अवसरमा कालीकोट जिल्ला कारागारमा रहेका राजनीतिक आस्थाका बन्दीहरूको रिहाइका विषयमा छलफल भएको थियो ।

प्रमुख जिल्ला अधिकारी शर्माले गृह मन्त्रालयले आदेश दिएअनुसार बन्दीहरूको नाउँ मन्त्रालयमा पठाइसकेको जानकारी दिएका थिए । सरकारले तीनबुँदे सहमति पालना गरेमा आस्थाका बन्दीहरू छिट्टै छुट्नसक्ने प्रजिअ शर्माको भनाइ थियो ।

प्रजिअ शर्माले कालीकोटको राजनीतिमा क्रान्तिकारी पार्टी र युवाहरूको जिम्मेवारी आवश्यक रहेको सुझाव दिएका थिए ।

## दाङमा राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन



तुलसीपुर, दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) लुम्बिनी ब्युरोको 'राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान २०७९' पार्टीका केन्द्रीय सचिवालय सदस्य शार्दूलले दाङको तुलसीपुरमा मशाल बालेर उद्घाटन गरेका छन् ।

अभियान उद्घाटन गर्दै नेता शार्दूलले नेपालमा सत्ताधारी राजनीतिक दल र सरकारले राष्ट्रघात, जनघात, महँगी र भ्रष्टाचारका घटना दिनप्रतिदिन बढाइरहेकाले त्यसको अन्त्यका लागि अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

## दलाल व्यवस्थासँग लड्ने उद्घोष गर्दै नेकपा (बहुमत) दोलखाले गर्‍यो अभियान उद्घाटन



ज्वाला, दोलखा/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दोलखाले शैलुङ ८ मा 'राष्ट्रिय जागरण तथा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' उद्घाटन गरेको छ ।

कार्यक्रममा जिल्ला संयोजक अन्जानले दलाल पुँजीवादी व्यवस्थाले जनतालाई महँगी, भ्रष्टाचार र बेथिति मात्रै दिएकाले यसको विकल्पमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने बताए । उनले त्यसका लागि प्रत्यक्ष कार्यकारी प्रमुख जनताले चुन्न पाउनुपर्ने पनि प्रस्ट पारे ।

जनतन्त्र र जनजीविकाका विषयमा जनताले अधिकार प्राप्त गर्न दलालहरूसँग लड्नुपर्ने अन्जानको भनाइ थियो ।

कार्यक्रम शैलुङ गाउँपालिका इन्चार्ज सुरजको अध्यक्षता, जिल्ला संयोजक अन्जानको प्रमुख आतिथ्य र विशालको सञ्चालनमा सम्पन्न भएको थियो ।

अभियान उद्घाटनकै क्रममा रामकृष्ण विकको संयोजकत्वमा नेकपा (बहुमत) को ७ सदस्यीय वडा समिति गठन भएको जनाइएको छ ।

## जनविरोधी गतिविधिविरुद्ध ...

क्सीको अत्यधिक उपयोग रोक्न माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई सोमबार ज्ञापनपत्र दिएको छ। नेकपा (बहुमत) कालीकोटका इन्चार्ज रणबहादुर विक र संयोजक शीतल बिष्टले हस्ताक्षर गरेको ज्ञापनपत्रमा सरकारसँग भएको तीनबुँदे सहमति अविलम्ब लागू गर्न, जिल्लामा रहेका आस्थाका बन्दी रिहा गर्न, एमसीसी, एसपीपी, नागरिकता विधेयक कार्यान्वयन नगराउन, राष्ट्रघात नगर्न, भ्रष्टाचार, कमिसन नियन्त्रण गर्न माग गरिएको छ।



ज्ञापनपत्रमा संसदवाद र संशोधनवादका विरुद्ध सङ्घर्ष गर्दै दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापनाको दिशामा अघि बढ्ने उद्देश्य बोकेको नेपाल कम्युनिस्ट पार्टी (बहुमत) देशमा भइराखेका राष्ट्रघात, जनघात, भ्रष्टाचार, कमिसनखोरीका विरुद्ध अनवरत सङ्घर्षमा रहेको स्मरण गराउँदै स्थानीय सरकार सञ्चालनका नाममा विभिन्न खालका समाजविरोधी क्रियाकलाप दिनहुँ बढेकाले सबैखाले जनविरोधी गतिविधि रोक्न ज्ञापनपत्र पेस गरिएको उल्लेख छ। ज्ञापनपत्रमा उल्लेख गरिएका ६ बुँदे माग यसप्रकार रहेका छन्:

१. तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच २०७७ फागुन २१ गते ३ बुँदे सहमति गरी नेपाल सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध हटाउने, कारागारमा रहेका पार्टीका नेता तथा कार्यकर्ताहरूको रिहाइ र सम्पूर्ण मुद्दा खारेज गर्ने सहमति भएको छ भन्ने कुरा सहमतिको बुँदा नं. ३ मा उल्लेख गरिएकोमा आजसम्म लागू नगरिएको हुँदा सहमति कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालय कालीकोटमार्फत ध्यानाकर्षण गराइन्छ साथै यस जिल्ला कारागारमा झूट्ठा मुद्दा लगाई बन्दी बनाइएका कमरेडहरू दुर्गबहादुर बोहोरा 'दोवान' र पदम पुन 'प्रकाश' लाई जिल्लाले आवश्यक पहल गरी तत्काल रिहा गर्न माग गरिन्छ।

२. राष्ट्रघाती एमसीसी, एसपीपी सम्झौताविरुद्ध नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निरन्तर आन्दोलनमा छ। केही समयअगाडि संसदबाट नागरिकता विधेयक पास गरी प्रमाणीकरण गराउने उद्देश्यले राष्ट्रपति कार्यालयमा पेस भए पनि नागरिकता विधेयक राष्ट्र हितविपरीत रहेकाले राष्ट्रपतिको कार्यालयबाट २०७९ साल साउन २९ गते आइतवार फिर्ता भयो। पुनः संसदको बैठकले बहुमतले पास गरी पुनः राष्ट्रपतिकहाँ पेस हुनु राष्ट्र र जनहितविपरीत मात्र छैन, देशलाई सिक्किमीकरण गर्ने षड्यन्त्र भएकाले यसलाई रोक्न सम्पूर्ण राष्ट्रवादी, देशभक्तहरूले गर्ने राष्ट्रवादी आन्दोलनमा साथ दिन अनुरोध गर्दै सबैखाले राष्ट्रघाती सम्झौता खारेज गर्न माग गरिन्छ।

३. मिटरब्याजीहरूका कारण गरिबहरू घरबारविहीन भएका छन्। लामो समयदेखि पीडितहरू आन्दोलनमा रहेको कुरा प्रशासन जानकार नै छ। मिटरब्याजी अपराध नियन्त्रणका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट पहलकदमी लिई मिति २०७९।४।२७ गते गृहमन्त्रीस्तरीय निर्णय गरी मिटरब्याजी अपराध नियन्त्रणका उपायहरू सिफारिस गर्न कार्यदल गठन भइसकेको हुँदा यस जिल्लामा पनि यो वा त्यो बहानामा मिनी मिटरब्याजीहरू गाउँगाउँमा रहेको पाइन्छ। यहाँ सञ्चालित सहकारी, लघुवित्त, सहकारीको मिटरब्याजकै भूमिका रहेको र सहकारीकै ऋणका कारण धेरैको घरबारविहीन हुने अवस्था रहेकाले गरिब जनतालाई घरबारविहीन हुनबाट रोक्न सहकारी, लघुवित्त संस्थाले किस्ता तिर्ने मितिमा केही कारणले सोही दिन तिर्न नसके रु. ५० का दरले प्रतिदिन हर्जाना लगाई जनताको ढाड सेक्ने गरी ब्याज असुल्ने गरेकाले यस्ता गतिविधि तत्काल रोकी जनताको हितमा काम गर्न-गराउन माग गरिन्छ।

४. विकास निर्माण र समाज रूपान्तरणको बहानामा दलाल संसदीय व्यवस्थाले सजिएको स्थानीय सरकारले भ्रष्टाचार, कमिसनजस्ता क्रियाकलापलाई नियन्त्रण गर्नुको सट्टा राजनीतिक आस्थाका कारण संरक्षण गर्ने गरेको छ। यस्ता गलत गतिविधि रोक्ने दायित्व प्रशासनको रहेकाले आवश्यक पहल गर्न माग गरिन्छ।

५. यस जिल्लामा धूमपान, मद्यपानजस्ता क्रियाकलाप बढ्दै गइरहेको र केही जनप्रतिनिधि आफैँले सेवन गर्ने-गराउने प्रवृत्तिको विकास भई जनतामा असर पर्न गएको र जाँडरक्सीका कारण विभिन्न खालका घटना भइरहेको हुँदा नजिकिँदै आएको दसैँतिहारमा यस्ता गतिविधि बढी हुनजाने घटना रोक्नका लागि जाँडरक्सी र जुवातासलाई पूर्ण रूपमा नियन्त्रण गर्न माग गरिन्छ।

६. बढ्दो महँगीका कारण ज्यालादारी गर्ने ज्यामीहरूको हाल निर्धारित ज्यालाले बिहान-बेलुका छाक टार्न कठिन भएको र मजदुरहरूको खान, बस्न, बाँच्न पाउने अधिकारलाई ध्यानमा राखी मजदुरहरूको ज्याला वृद्धिको पहल गर्नुका साथै महँगी नियन्त्रणमा आवश्यक पहल गर्न अनुरोध गर्दै ज्यालामा ठगी गर्ने ठेकेदार निर्माण समितिलाई पहिचान गरी कारबाही गर्न माग गरिन्छ।

## किन भएन दोरम्बा नरसंहारका...

सहिदहरूको प्रतिमामा माल्यार्पणपछि सुरु भएको कार्यक्रमको सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) रामेछापका सचिव लाङघालीले गरेका थिए। साथै कार्यक्रमको अध्यक्षता नेकपा (बहुमत) रामेछापका संयोजक ज्ञानबहादुर खड्का 'उजिर' ले गरेका थिए। उक्त कार्यक्रममा स्थानीय जनता तथा सरोकारवालाको व्यापक सहभागिता थियो।



दोरम्बा हत्याकाण्डमा तत्कालीन शाहीसेनाले नेकपा (माओवादी) रामेछाप जिल्ला जनसरकार प्रमुख बाबुराम लामा 'पुष्प', प्रदीप दोङ 'रक्तिम', अम्बिका दाहाल 'ललिका', सङ्गीता, हर्कबहादुर तामाङ यथार्थ, रवि चौहान 'समीर', उमा कार्की 'सहारा', श्याम तामाङ 'इन्क्लाब', पदमराज गिरी 'असल', विष्णुमाया थापामगर 'बिमा', तूलोराम तामाङ 'छोक्पा', सानोराम तामाङ 'तारा', लक्ष्मण तामाङ 'छाया', जमिन, सोम, विमला, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर 'विवेक', चतुरमान थामी 'समर', उषासहित २१ जना माओवादी नेता, कार्यकर्ता र पार्टी शुभेच्छुकहरूको हत्या गरेको थियो। शाहीसेनाले बैठक बस्ने तयारी भइरहेको युवराज मोक्तानको घर घेरा हाली निहत्था माओवादी नेता-कार्यकर्तालाई कब्जामा लिएर निर्ममतापूर्वक हत्या गरी शवलाई भीरबाट लडाइदिएको थियो।

जनयुद्धको नेतृत्वकर्ता पुष्पकमल दाहाल 'प्रचण्ड' दुईपटक सरकारको नेतृत्वमा पुग्दासमेत हत्याकाण्डमा संलग्नमाथि कारबाही नहुनु तथा समग्र जनताको जीवनस्तर सुधार गर्न नसक्दा संसदीय व्यवस्थाप्रति जनताको चरम वितृष्णा जागेको छ।

तत्कालीन नेकपा (माओवादी) र तत्कालीन सरकारबीच युद्धविराम भई दाङको हापुरेमा शान्तिवार्ता चलिरहेकै अवस्थामा तत्कालीन शाही नेपाली सेनाका मेजर राममणि पोखरेलको नेतृत्वमा रहेको सेनाले माओवादी कार्यकर्ताहरूको बीभत्स सामूहिक हत्या गरेको उक्त घटनाले अन्तर्राष्ट्रिय समुदायको समेत ध्यानाकर्षण गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले त्यतिबेलै घटनाको अध्ययन गरी सरकारबाट मानवअधिकार उल्लङ्घन भएकाले दोषीहरूलाई कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो। तर घटना भएको २० वर्ष लागिसक्दा पनि अपराधीहरूलाई कारबाही नगरिएको भन्दै सरकारको विरोध भइरहेको छ।

## 'रामवृक्ष यादव र कुमार पौडेल ...

जनताको माझमा नेकपा (बहुमत) गाउँ प्रवेश गरेको



उनको भनाइ थियो। सहिद रामवृक्ष यादव र कुमार पौडेलहरूको सपना पूरा गर्नका लागि गाउँबस्तीबाट अब जनता उठ्नुपर्ने प्रमुख अतिथि नयनले बताए।

नयनले जनताले सही राजनीति र सही कम्युनिस्ट चिनेको दिन दलाल संसदीय व्यवस्था र जनतामारा राज्यसत्ता ध्वस्त हुने पनि बताए। उनले प्रचण्ड-बाबुरामहरूले दलालहरू र विदेशी शक्तिसामु घुँडा टेकेकाले नेपालको कम्युनिस्ट आन्दोलन कमजोर भएको पनि प्रस्ट पारे। संसदीय दलालहरूले रामवृक्ष यादवको स्मृतिमा सहिद दिवस मनाउँदा नसुहाएको र उल्टै सहिदहरूमाथि अपमान भएको पनि उनले बताए।

जनयुद्धले तहसनहस पारेका सामन्त-शोषकहरूलाई संरक्षण दिँदै यो राज्यसत्ताले फेरि गाउँगाउँमा मिटरब्याजका नाममा किसान, मजदुर र गरिबहरूको उठीबास लगाइरहेको नेता नयनले बताए। यस्ता मिटरब्याजीहरूको अब चिहान खन्नुपर्ने भन्दै नयनले चेतावनी पनि दिए।

कार्यक्रमका अतिथिहरूमा पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्यहरू सुमन, इमान, निर्माण, विमलालगायत थिए। त्यसैगरी जिल्ला संयोजकहरू बिहानी, नवीन, अर्जुन, र दीपकको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य अर्जुन र अध्यक्षता विमलाले गरेकी थिइन्। कार्यक्रम सञ्चालन नवौँ महाधिवेशन आयोजक समितिका सदस्य निर्माणले गरेका थिए।

## नेकपा (बहुमत) को देशव्यापी ....

तरकारी बोकेर प्रदर्शनमा उत्रिएका छन्। काठमाडौँ







उपत्यकालगायत देशभरि भ्रष्टाचार, महँगी, मूल्य वृद्धि, राष्ट्रघातका विरुद्ध उपभोग्य खाद्य वस्तुहरू बोकेर प्रदर्शन गरिएको छ। प्रदर्शनकारीहरूले हातहातमा प्लेकार्डसहित तरकारी र खाली ग्यास सिलिन्डर बोकेका थिए।

यता काठमाडौँमा गरिएको यस्तो प्रदर्शन त्रिपुरेश्वरदेखि सुरु भई सुन्धारा, नयाँसडक, वसन्तपुर हुँदै असनमा गएर कोणसभामा परिणत भएको थियो। नेकपा (बहुमत) उपत्यकाले काठमाडौँका विभिन्न चोकहरूमा सभा-कोणसभाहरूसमेत गरेको छ। काठमाडौँको असनमा भएको सभालाई युवा जनस्वयमसेवक नेपालका केन्द्रीय अध्यक्ष हरिश भट्टले सम्बोधन गरेका थिए।

यस्तै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) लुम्बिनी ब्युरोको 'राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन गर्दै पार्टीका केन्द्रीय सचिवालय सदस्य शार्दूलले नेपालमा सत्ताधारी राजनीतिक दल र सरकारले राष्ट्रघात, जनघात, महँगी र भ्रष्टाचारका घटना दिनप्रतिदिन बढाइरहेकाले त्यसको अन्त्यका लागि अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन्।

यस्तै सुदूरपश्चिममा पनि नेकपा (बहुमत) ले अभियान सञ्चालन गरेको छ। दार्चुलाको खलङ्गामा दार्चुला-बैतडी-बझाङ जिल्लाको संयुक्त राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन गर्दै पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् दार्चुला जिल्ला इन्चार्ज प्रकाश थापाले दलाल सरकार देश बेच्न तयार भएकाले राष्ट्रियताको रक्षाका लागि बलिदान गर्न तयार रहेको बताएका छन्।

यस्तै पार्टीको सेती-महाकाली ब्युरोले कैलाली, कञ्चनपुर र डँडेल्धुरा जिल्लाको संयुक्त अभियान कञ्चनपुरको महेन्द्रनगरमा ब्युरो इन्चार्ज महानले मसाल बालेर उद्घाटन गरेका छन्। ब्युरो इन्चार्ज महानले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू गम्भीर बन्दै गएको र अब यो सरकारले समस्या समाधान गर्न नसक्ने भएकाले यसको विकल्प वैज्ञानिक समाजवाद भएको बताए। आफ्नो पार्टीको यो अभियानले जनताको तहसम्म सङ्गठन विस्तार हुने र



अभियानकै अवधिमा जनसङ्घर्षका कार्यक्रमहरू पनि गर्ने उनले बताए।

यस्तै बागमती पूर्वी ब्युरोका सिन्धुपाल्चोक, दोलखा र रामेछापमा पनि अभियान उद्घाटन भएका छन्। सिन्धुपाल्चोकमा नेकपा (बहुमत) सिन्धुपाल्चोक-दोलखा इन्चार्ज विनय शर्मा, दोलखामा जिल्ला संयोजक अन्जान र रामेछापमा जिल्ला इन्चार्ज अग्नीमले अभियान उद्घाटन गरेका थिए।

यस्तै भेरी-कर्णालीको सुर्खेतमा पनि २ महिने अभियानको उद्घाटन भव्य रूपमा गरिएको छ। अभियान उद्घाटन गर्दै नेकपा (बहुमत) का केन्द्रीय सदस्य तथा जाजरकोट जिल्ला इन्चार्ज धमिलले सरकारले राष्ट्रघाती सम्झौता खारेज नगरे दलालहरूका साथै मिटरब्याजीहरूलाई जनताले कारबाही गर्ने चेतावनी दिए। जनतालाई उठीबास लगाउने काम रोक्न उनले मिटरब्याजीहरूलाई चेतावनी पनि दिए। उक्त अभियान सुर्खेतका विभिन्न ठाउँमा भव्य सभाहरूसहित सञ्चालन भइरहेको बताइएको छ। जनजागरण अभियानमा फटाहाहरूलाई पनि तह लगाइने धमिलले बताए।

यस्तै पूर्वी ब्युरोमा पनि अभियानको उद्घाटन भव्य रूपमा गरिएको छ। पूर्वी ब्युरोको अभियान विराटनगरमा ब्युरो इन्चार्ज निर्मलले सहिद रामवृक्ष यादवको स्मरण गर्दै र सडकको फोहोर उठाउँदै गरेका थिए। अभियान टोली मोरङमा २ सातासम्म रहने र त्यसपछि अन्य जिल्लामा जाने ब्युरो इन्चार्ज निर्मलले बताए। जिल्लाजिल्लामा गएर पर्चा वितरण गर्ने, सङ्गठन विस्तार गर्ने कार्यक्रम रहेको पनि निर्मलले बताए। अन्य जिल्लाहरूमा पनि अभियान सञ्चालन भइरहेको छ। त्यस्ता अभियान जिल्ला इन्चार्ज र संयोजकहरूको नेतृत्वमा चलिरहेको बताइएको छ।

यस्तै चितवनमा पनि अभियान भव्य रूपमा उद्घाटन गरिएको छ र अहिले चलिरहेको छ। अभियानअन्तर्गत जवसका भेला, सम्मेलनहरू, सभा, कोणसभाहरू, सङ्गठन निर्माणलगायत कामहरू धमाधम भइरहेको जानकारी नेकपा (बहुमत) का नेताहरूले दिएका छन्।

उता मकवानपुरको हेटौँडामा पनि अभियान भव्य रूपले उद्घाटन भएको छ। बागमती दक्षिण-पश्चिम ब्युरोअन्तर्गतका जिल्लाहरूमा पनि अभियान चलिरहेको र अभियानमा सङ्गठन विस्तार, सभा, कोणसभाहरू सञ्चालन भइरहेको जानकारी ब्युरो इन्चार्ज आजादले दिएका छन्।

यस्तै नेकपा (बहुमत) ले मधेस ब्युरोमा पनि अभियान सञ्चालन गरिरहेको छ। धनुषा, सिराहा, सर्लाही, बारा, पर्सा, रौतहटलगायत जिल्लामा अभियान सञ्चालन भइरहेको बताइएको छ। यसैबीच अभियानको अवधिमा अभियान टोलीहरूले जनतासँग जनश्रम, पर्चा-पम्प्लेट वितरण, भित्तेलेखनलगायत कामहरू गरिरहेका छन्।

विप्लव-प्रकाण्ड समूहको संसदीय संशोधनवादका विरुद्ध विद्रोह गरेर जिल्लास्तरमा संरचना निर्माण गरिसकेपछि जनताको तहसम्म पुग्नका लागि नेकपाले भदौ २ बाट देशैभरि २ महिने राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान सुरु गरेको हो। अभियान पुगेका स्थानमा जनतासँग सहकार्य र सम्बन्ध सुदृढ बनिरहेको बताइएको छ।

## काठमाडौँका क्रान्तिकारी युवा....

संयोजक र सुरज तामाङ सहसंयोजक रहेको २५ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति निर्वाचित गरेको छ।

भेलामा सङ्गठनका केन्द्रीय अध्यक्ष




हरिश भट्टले सङ्गठन यो महिनाभरि देशभरि भेला/सम्मेलनमा केन्द्रित रहने जानकारी गराउँदै त्यसपछि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा जनसङ्घर्षमा होमिने भएकाले त्यसका लागि तयार रहन निर्देशन दिए।

कार्यक्रममा पार्टी सचिवालय सदस्य शरदले नवसंशोधनवाद र संसदीय संशोधनवादका विरुद्ध लडेर नेकपा (बहुमत) ले नयाँ ठाउँ र नयाँ शिराबाट क्रान्तिको सुरुआत गर्न लागिरहेको र देशका निम्ति युवाहरूले क्रान्तिको मेरुदण्डको भूमिका निर्वाह गर्नुपर्ने बताए।

सङ्गठनका उपाध्यक्ष अविनाश कुँवर, कोषाध्यक्ष कविता कार्की, ललितपुर जिल्ला इन्चार्ज दिल, काठमाडौँ जिल्ला संयोजक हरि, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय अध्यक्ष विनोद थापा र अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष हरि श्रेष्ठको उपस्थिति र आतिथ्यमा सम्पन्न भेलामा काठमाडौँका विभिन्न नगरबाट प्रतिनिधित्व गर्दै ३०० भन्दा बढी युवा प्रतिनिधि/पर्यवेक्षक उपस्थित थिए।

## पुल निर्माणस्थलमा कालो ब्यानर...

सङ्गठनले साउन अन्तिम साता सडक डिभिजन कार्यालय महेन्द्रनगरलाई अल्टिमेटमसहित बुझाएको मागपत्रको सुनुवाइ नभएपछि निर्माणस्थलमा ब्यानर लगाएको सङ्गठनले जनाएको छ। निर्माण व्यवसायीले माताकुटियाको पुलसहित जिल्लाभर विकास निर्माणमा लापरबाही गरेकाले कालो ब्यानरमा तिनै गैरजिम्मेवारपूर्ण काम उल्लेख गरिएको छ।

माताकुटियास्थित ती विकास निर्माणकार्यको ठेक्का राजेन्द्र निर्माण सेवाले लिएको छ। नेपाली काङ्ग्रेस डँडेल्धुराका सभापति भीमबहादुर साउद कम्पनीका सञ्चालक हुन्। उनी परशुराम नगरपालिकाका निवर्तमान मेयर पनि हुन्। कालो ब्यानरमा पनि साउद काङ्ग्रेस जिल्ला सभापति र निवर्तमान मेयर भनेर उल्लेख गरिएको छ।

युवा जनस्वयम्सेवक नेपालले साउदमाथि सत्ताको आडमा विकास निर्माणमा लापरबाही गरेको उल्लेख गरेको छ। युवा जनस्वयम्सेवक नेपाल कञ्चनपुरका इन्चार्ज दीपेन्द्रसिंह ऐरीले निर्माण कम्पनीका गैरजिम्मेवार पूर्ण कार्यबारे जनतालाई जानकारी गराउन कालो ब्यानर टाँगिएको बताए।

'यसबाट पनि सम्झौताअनुसार तत्काल काम सुचारु नभए सङ्घर्ष अघि बढाउँछौँ', उनले भने। कालो ब्यानरमा निर्माण कम्पनीका काला कर्तुत तथा गैरजिम्मेवार कार्य भन्दै चार बुँदा उल्लेख गरिएको छ। सङ्गठनले कालो ब्यानरमा उल्लेख गरेका विषय यसप्रकार रहेका छन्:

मुसेपानी खोला पुलको सम्झौता २०७४/२/१०
सक्नुपर्ने मिति २०७७/२/१० र २०७८/१२/३० गते
भुजेला खोला माताकुटिया पुल सम्झौता २०७४/२/७
सक्नुपर्ने मिति २०७५/८/५ र २०७८/१२/३०
कामीकाटे पुल सम्झौता मिति २०७४/२/७
सक्नुपर्ने २०७५/९/५ र २०७८/११/२९ गते
ढोडा देखतभुली पुल सम्झौता मिति २०७२/९/२६
सक्नुपर्ने मिति २०७५/९/२५ र २०७७/१०/२५ गते
दैजी-बेल्डाँडी हुलाकी सडक सम्झौता मिति २०७३/११/१
सक्नुपर्ने मिति २०७६/५/१५ र २०७८/१२/३० गते
ब्यानरमा लेखिएको छ:

२. उक्त निर्माणाधीन अवस्थामा रहेका पुल र सडकहरूमा कमसल खालको सामान प्रयोग गरेको जसका कारण पुलहरू भत्किन सुरु भएको पाइएकाले।


३.उक्त निर्माण कम्पनीमा कार्यरत कर्मचारी र मजदुर हरूको पारिश्रमिक ज्याला विगत २/३ वर्षदेखि नदिएको पाइएकाले।

४. दैजी-बेल्डाँडी-धनगढी हुलाकी सडक निर्माणकार्यमा चरम लापरबाही भएका कारण जनताले दैनिक सास्ती खेप्नुपरेकाले।

# दक्षिणकोरियाले बेलुनमार्फत आफ्नो देशमा खतरनाक भाइरस फैलाएको जनगणतन्त्र कोरियाको खुलासा

## ‘एउटै राष्ट्रविरुद्ध अमानवीय बर्बरता र जैवरासायनिक हतियार आक्रमण’

**(राज्य आपत्कालीन महामारी रोकथाम मुख्यालयको तथ्य खोजीको नतिजा )**



प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (DPRK) मा आपत्कालीन महामारीविरोधी कार्यको समीक्षा गर्ने राष्ट्रिय बैठक अगस्त १०, २०२२ मा जारी रहेको कोरोना भाइरस सङ्कट अन्त्य गर्ने कार्यबाट प्राप्त सफलता र अनुभवको समीक्षा गर्न बोलाइएको थियो जुन विगत तीन महिनासम्म जारी रह्यो र यसको पुनरावृत्तिलाई रोक्न भाबी उपायहरूबारे छलफल गरियो ।

बैठकका क्रममा प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको भूभागमा भाइरस फैलाउने महामारीविरुद्धको सङ्घर्षको लक्ष्य प्राप्त भइसकेकाले बाहिरबाट आउने घातक भाइरसको सङ्क्रमणलाई नियन्त्रण गर्ने उपायबारे गहिरो छलफल भएको थियो जसले गर्दा छोटो अवधिमा मुक्त क्षेत्र र देशभित्र घातक रोगको उन्मूलन गरी पुनरावृत्ति रोक्ने अवस्था सिर्जना गरिएको छ ।

जुन ३० पहिले नै रिपोर्ट गरिएको राज्य आपत्कालीन महामारी रोकथाम मुख्यालयले सम्बन्धित विशेष एजेन्सीहरू सम्मिलित एक छानबिन समिति गठन गर्‍यो । स्टिल्थ ओम्नी भेरियन्ट BA.2 को प्रवाह मार्गको अनुसन्धान सुरु गरयो जुन द्रुत गतिमा देशभर फैलियो र वैज्ञानिक निष्कर्ष के निस्कियो भने इफो–री, कुमगाङ काउन्टी, काङ्गवोन प्रान्त, दक्षिण कोरियासँगको सैन्य विभाजन रेखामा पर्ने क्षेत्रमा यो घातक रोग फैलिएको थियो ।

छानबिन समितिमा देशका आधिकारिक वैज्ञानिक अनुसन्धान संस्था, राष्ट्रिय सुरक्षा निकाय, न्यायिक र अभियोजन निकायलगायत सबै सम्बन्धित निकाय थिए । घातक भाइरसको प्रवेश मार्गका बारेमा देशभर गहिरो अनुसन्धान गर्दा के तथ्य भेटियो भने कङ्गबोन प्रान्तको कुमगाङ काउन्टी, इफो री क्षेत्रबाट राजधानी प्रवेश गर्ने धेरै मानिसहरूमा अचानक ज्वरो विस्फोट भएको थियो जसलाई माथि उल्लेख गरिएका मानिसहरूलाई भेटेका थिए ।

यसैबीच वैशाख मसान्तसम्म यो क्षेत्रबाहेक देशका अन्य सबै क्षेत्र र एकाइमा देखापरेका ज्वरोका बिरामी अन्य रोगका कारण भएकाले ज्वरोका बिरामीमा विस्फोटक वृद्धि नभएको पुष्टि भएको छ ।

अनुसन्धान समितिले इफो री, कुमगाङ काउन्टीमा घातक भाइरसको प्रवाह मार्गका रूपमा काम गर्न सक्ने कारकहरूको बहुपक्षीय, शारीरिक र पूर्ण–स्तरीय अनुसन्धान र विश्लेषण गरेको थियो । खोजका आधारमा यसले ब्यारेक र आवासीय क्षेत्रनजिकको पहाडमा दक्षिणकोरियाबाट बेलुनले छरिएको वस्तुलाई क्रमशः एक १८ वर्षीय सैनिक र एक ५ वर्षीय बालकले छोएको तथ्य उजागर भयो । तिनीहरूका विद्यमान क्लिनिकल विशेषताहरू महामारीशास्त्रीय कडीहरू र एन्टिबडी परीक्षणको नतिजालाई ध्यानमा राख्दै अनुसन्धान समितिले अन्ततः कुन तथ्यलाई पुष्टि गर्‍यो भने इफो री, कुमगाङ काउन्टी, काङ्गबोन प्रान्त जसको दक्षिणकोरियासँग सिमाना छ त्यही ठाउँबाट घातक भाइरस पहिलोपटक हाम्रो देशमा प्रवेश गरेको थियो र त्यो प्रवाह दक्षिणकोरियाको हावाबाट फैलिएको भाइरसद्वारा दूषित पर्चा र अन्य वस्तुहरूसँगको सम्पर्कका कारणले भएको हो ।

हाम्रो देशमा ऋइख्क्म्–झढ को द्रुत प्रसार अप्रिलको अन्त्य र मेको सुरुमा सुरु भएको थियो । सबैभन्दा गम्भीर केसहरू र उच्च मृत्युदर रेकर्ड गरिएको क्षेत्र काङ्गबोन प्रान्त थियो । उत्तर प्योङग्यान प्रान्त, उत्तर ह्यामग्योङ प्रान्तलगायत चीन र रुससँग सीमा जोडिएका क्षेत्रहरूमा कोभिड–१९ को सुरुमा ज्वरोका केही केसहरू थिए र ढिलो गरी सङ्क्रमण भएको पुष्टि भएको थियो ।

माथिका सबै बुँदाहरूले के सङ्केत गर्दछन् भने सुस्थापित र सबैभन्दा कडा सीमा सुरक्षा र विश्वमा एन्टी–महामारी प्रतिरोधक क्वारेन्टाइन प्रणाली भएको हाम्रो देशका लागि भाइरस प्रवाहको एक मात्र अनियन्त्रित माध्यम दक्षिणकोरियाबाट हावा बोकेका बेलुनहरूद्वारा वस्तुहरू छर्नु थियो ।

अन्तरकोरियाली सम्बन्धमा उल्लिखित निष्कर्षहरूको सम्भावित नकारात्मक प्रभावलाई गम्भीर रूपमा ध्यानमा राख्दै DPRK को राज्य आपत्कालीन महामारी रोकथाम मुख्यालयले अन्य सक्षम अधिकारीहरूसँग मिलेर विभिन्न माध्यमहरूमार्फत परिणामहरूलाई बारम्बार पुनः परीक्षण र पुष्टि गरेको छ । यद्यपि यो एक वस्तुनिष्ठ तथ्य थियो जुन वैज्ञानिक तरिकामा शङ्काभन्दा बाहिर पुष्टि भयो यद्यपि परिणामहरूले सधैँ एउटै निष्कर्षलाई औँल्याउँछन् ।

नोबेल कोरोना भाइरस हावाबाट मात्र नभई वस्तुको सम्पर्कबाट पनि सर्ने सम्भावना भएकाले वस्तुको सतहलाई राम्ररी कीटाणुरहित गर्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता प्राप्त वैज्ञानिक धारणा हो । मे २०२० मा डब्लूएचओले एउटा के रिपोर्ट प्रकाशित गर्‍यो भने उपन्यास कोरोना भाइरस अनुहारको मास्कको सतहमा ७ दिन, स्टेनलेस स्टिलमा ४ दिन र गिलासमा २ दिनसम्म बाँच्न सक्छ भन्ने कुरा पुष्टि गरयो । वस्तुको सम्पर्कबाट कोरोना भाइरसको सम्भावित सङ्क्रमणलाई बहिष्कार गर्न सकिँदैन भन्ने तथ्यलाई ध्यानमा राख्दै सतहको कीटाणुशोधनको महत्वलाई रेखाङ्कित गरेको छ । सन् २०२२ को फेब्रुअरीदेखि मार्चसम्म विश्वभरि जारी गरिएको तथ्याङ्कअनुसार ओमिक्रोन भाइरस प्लास्टिकमा ६–४–९–८ दिन (औसत ८/१ दिन), स्टेनलेस स्टिल र सिसाको सतहमा ७ दिन, कपडामा २ दिन र कागजमा ३० मिनेट बाँचेको थियो । मार्च २०२२ मा दक्षिणकोरियाली प्रेस एजेन्सीले के रिपोर्ट गर्‍यो भने फ्रान्स, जापान र हङकङका प्रतिष्ठित विश्वविद्यालय अनुसन्धान संस्थानहरूले वैज्ञानिक आधारमा पुष्टि गरे– स्टिल्थ ओमिक्रोन भाइरस वस्तुको सतहमा मूल भाइरसभन्दा अल्फा, बेटा, गामा र डेल्टाजस्ता अन्य प्रकारका २–५ गुणा लामो समयसम्म बाँच्न सक्छन् । मिसिगन विश्वविद्यालयले यस वर्ष सतहका ५०० भन्दा बढी नमुनाहरूको पूर्ण विश्लेषण गरेपछि १.४ प्रतिशत नमुनाहरूमा भाइरस पत्ता लागेको घोषणा गरेको छ । भर्जिनिया इन्स्टिच्युट अफ टेक्नोलोजीका प्रोफेसरसहित अमेरिकाका प्रतिषठित विद्वानहरूले के दाबी गरेका छन् भने सतह र हातहरूमार्फत भाइरसको फैलावटलाई हात धोएर रोक्नुपर्छ, नत्र भने सतहमा भाइरस फैलिने खतराविरुद्ध उनीहरूले चेतावनी दिए । उल्लेखनीय कुरा के छ भने मार्चको अन्त्यदेखि अप्रिल २०२२ को सुरुसम्म बेइजिङ, झेजियाङ प्रान्तको साओक्सिङ, जियाङ्सु प्रान्तको चाङ्झाउ र चीनको लिओनिङ प्रान्तको डालियानमा स्थानीय रूपमा स्टेल्थ ओमिक्रोन भाइरस पोजेटिभ पुष्टि भएका सङ्क्रामक व्यक्तिहरूमा अनुसन्धान गरियो । नतिजाका रूपमा, तिनीहरूले के पुष्टि गरे भने भाइरस दक्षिणकोरियाबाट आयात गरिएको कपडाबाट सरेको थियो र दक्षिणकोरियाबाट आयात गरिएका सामानहरूमा क्वारेन्टाइन र कीटाणुशोधनलाई बलियो बनाउने उपायहरू लिएका थिए ।

अझ गम्भीर कुरा के छ भने दक्षिणकोरियामा उत्तरबाट भाग्नेहरूले वर्तमान दक्षिणकोरियाली अधिकारीहरूको मौन अनुमोदन र प्रोत्साहनमा अप्रिल र जुन महिनामा मात्रै ३० भन्दा बढी ठूला बेलुनहरू फ्याँकेर हजारौँ पर्चा र फोहोर छरिएका छन् तर खुलमखुला के कुरामा जिद्दी गर्दैछन् भने नोभल कोरोना भाइरस उत्तरकोरियाले सारेको हुनुपर्दछ । हाम्रो इलाकामा चीजहरू, खुला रूपमा आग्रह गर्दै कि उपन्यास कोरोना भाइरस उत्तरकोरियामा सार्नुपर्दछ ।

उल्लिखित तथ्यहरूले के प्रमाणित गर्दछन् भने वस्तुहरूमार्फत COVID–19 फैलाइएको दक्षिणकोरियाली अधिकारीहरूले दाबी गरेअनुसार नगण्य वा अप्रमाणित परिकल्पना होइन तर पूर्ण रूपमा वैज्ञानिक र वस्तुनिष्ठ सत्य हो । हाम्रो देश र छिमेकी देशहरूमा हालसालै फैलिएको स्टिल्थ ओमिक्रोन भाइरसको कारण दक्षिणकोरिया नभएर अरू कोही नभएको पनि उनीहरूले प्रमाणित गर्छन् ।

वस्तुको सतहबाट COVID—19 सङ्क्रमणको सम्भावना ण्ण्ण्ज्ञ५ भए पनि घातक भाइरस सङ्क्रमणको एउटै केस वा दूषित वस्तुको टुक्राले एकैछिनमा धेरै मानिसहरूलाई सङ्क्रमण गर्न सक्छ, गम्भीर महामारी विरोधी सङ्कट सिर्जना गर्न सक्छ । यो एक स्पष्ट तथ्य हो जसलाई अस्वीकार गर्न सकिँदैन ।

जब हामीले यो वस्तुनिष्ठ वास्तविकतालाई विचार गर्छौं, दक्षिणकोरियाले हाम्रो क्षेत्रमा घातक भाइरसले दूषित फोहोर चीजहरूको उडानलाई अमानवीय बर्बरता र एउटै राष्ट्रले कल्पना गर्न नसक्ने एक प्रकारको जैविक रासायनिक हतियारको आक्रमणबाहेक अरू कुनै कुरा कल्पना गर्न सकिँदैन ।

यी सबै तथ्यहरू हुँदाहुँदै पनि दक्षिणकोरियाली अधिकारीहरू बेलुनबाट फैलिने चीजहरूबाट सङ्क्रमित हुने सम्भावना लगभग शून्य रहेको दाबी गर्छन्, बरु पहिले मुद्दा दायर गर्ने दोषी पक्षले जस्तै तिनीहरू के भन्छन् भने हामी यो मुद्दालाई दक्षिणकोरियाविरुद्ध उक्साउने बहानाका रूपमा लिन खोजिरहेका छौँ र तिनीहरूले उत्तरबाट भाग्नेहरूलाई पर्चा र चीजहरू छर्न उक्साउँछन् ।

हामीले दक्षिणकोरियाली अधिकारीहरूको यस्तो बर्बरतालाई थप सह्यौँ भने कोभिड–१९ सम्भवतः हाम्रो क्षेत्रमा पुनः प्रवेश गर्नेछ जसले अन्तरकोरियाली सम्बन्धलाई टकरावको तीव्र स्थितिमा पुर्‍याउनेछ र कोरियाली प्रायद्वीप र यसको वरपरको अवस्थाका लागि अकल्पनीय गम्भीर परिणामहरूलाई निम्त्याउनेछ ।

हामी न्याय र विवेकको कदर गर्ने अन्तर र्ष्ट्रिय समाजले दक्षिणकोरियाली अधिकारीहरूको राष्ट्रविरोधी र अमानवीय कार्यका लागि निन्दाको आवाज उठाउने अपेक्षा गर्दछौँ र उनीहरूलाई आफ्नो जिम्मेवारी स्वीकार गर्न तथा जिम्मेवार हरूलाई सजाय दिन र फेरि फोहोर चीजहरू प्रजातान्त्रिक जणगणतन्त्र कोरियाको क्षेत्रमा नपठाउन कडा आग्रह गर्दछौँ ।

### रित्ता ग्याँस सिलिन्डर र तरकारी ...

भएको जनप्रदर्शन सुन्धारा, नयाँसडक, वसन्तपुर हुँदै असनमा गएर कोणसभामा परिणत भएको थियो ।

कोणसभामा सम्बोधन गर्दै युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय अध्यक्ष हरिश भट्टले देशमा व्याप्त चरम महँगी, भ्रष्टाचार, कालोबजारी, तस्करी र राज्यले मिलोमतो गरी गरेको व्यापारका विरुद्ध सम्पूर्ण उत्पीडित जनता एक भएर सडक सङ्घर्षमा होमिनुपर्ने बताएका थिए ।

वार्षिक खर्बौंको कृषिजन्य उपभोग्य वस्तुको आयात तत्काल बन्द गरिनुपर्ने र उक्त सम्पूर्ण उपभोग्य वस्तु स्वदेशमा उत्पादन गर्न युवा जनशक्तिलाई विदेश पलायन हुन रोकेर राष्ट्रको खर्बौं रकम जोगाउन राज्यले ध्यान दिनपर्ने भट्टले बताए । वार्षिक करिब ४ खर्ब हाराहारीको कृषिजन्य आयातमा तत्काल प्रतिबन्ध लगाएर उक्त उपभोग्य वस्तु स्वदेशमा उत्पादन गर्ने नीति निर्माण गर्न राज्य गम्भीर बन्नुपर्नेमा भट्टले जोड दिएका थिए ।

राज्य यतिबेला कमिसनखोरहरूको चक्करमा परेर जनतालाई विषादीयुक्त तरकारी ख्वाइरहेकाले उक्त कार्य तत्काल बन्द गर्न पनि अध्यक्ष भट्टले चेतावनी दिए । देश यतिबेला भीषण सङ्कटमा परेको, आर्थिक रूपले सङ्कटग्रस्त, राजनीतिक रूपले भ्रष्टाचारमा लिप्त राज्यका सम्पूर्ण निकायहरू निष्प्रभाबी बनेको, जनता त्यसबाट आजित रहेको र यसको एउटै समाधान समाजवादी क्रान्ति र समाजवादी सत्ता रहेको पनि भट्टले बताए ।

कार्यक्रम सञ्चालन गर्दै अखिल क्रान्तिकारीका उपाध्यक्ष वीरेन्द्र शाहले सत्तासीनहरू भ्रष्टाचार, कमिसन र तस्करीमा लिप्त रहेको, आफ्नो सत्ता र चुनावी क्षेत्र जोगाउन मात्र ध्यान केन्द्रित गरेकाले सम्पूर्ण उत्पीडितहरू एक भएर सडक सङ्घर्षमा उत्रिनुपर्ने र दलाल सत्तालाई फ्यालेर वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा नेकपा (बहुमत) केन्द्रीय सचिवालय सदस्य तथा बागमती ब्युरो इन्चार्ज शरद रसाइलीका साथै पार्टीका काठमाडौँ जिल्ला इन्चार्ज दीपेन्द्र चलाउनेको पनि उपस्थिति थियो ।

### सहिद रामवृक्ष यादवको ...

अवसर पारेर बिहीबार उद्घाटित अभियान दुई महिनासम्म सञ्चालन हुने र यसले व्यापक सङ्गठनात्मक आधार तयार गरी समाजवादी क्रान्तिको आधारलाई विकसित गर्ने लक्ष्य लिएको पार्टीका धनकुटा जिल्ला इन्चार्ज निश्चलले बताए ।

सरसफाइपछि आयोजित कोणसभामा सम्बोधनका क्रममा अभियान सहसंयोजक तथा मोरङ इन्चार्ज नरेशले सहिद रामवृक्ष यादवको योगदानको चर्चा गर्दै अभियानको उद्देश्यमाथि प्रकाश पारेका थिए । उनले नेकपा (बहुमत) पुनर्गठनको आवश्यकता र औचित्यबारे पनि बोलेका थिए ।

पार्टीका झापा इन्चार्ज मनीषको सञ्चालनमा भएको अभियान उद्घाटनपछिको कोणसभामा पार्टी नेताहरू सागर, पार्वती, विद्यार्थी नेता निराजनलगायत सयौँ पार्टी कार्यकर्ता, समर्थक र शुभचिन्तकको सहभागिता थियो ।

उक्त सरसफाइ कार्यक्रमपछि स्थानीय व्यवसायीहरूले सडकको फोहोर मात्र नभएर राजनीति र व्यवस्थाभित्रको फोहोरलाई बढारेर जनताको वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन नेकपा (बहुमत) सफल रहोस् भन्ने शुभेच्छासहित आफूहरू पनि स्वतस्फूर्त अभियानमा सहभागी भएको बताएका थिए ।

### जनप्रतिनिधिको तलबभत्ता ...

निःशुल्क प्रदान गर्न पनि सङ्गठनले सरकारलाई ध्यानाकर्षण गराएको छ ।

पत्रकार सम्मेलनमा युवा जनस्वयम्सेवक नेपालका अध्यक्ष हरिश भट्टले जनप्रतिनिधिहरूले आफ्नो सेवा-सुविधा र तलब आफैँ तोक्न नहुने बताए । उनले भने, ‘संविधानमा स्थानीय तह वा जनप्रतिनिधिको तलबको परिकल्पना गरिएको छैन् तर सुविधाको परिकल्पना गरिएको छ । आफू सत्तामा हुँदा आफ्नो तलब आफैँ तोक्ने ? जनताको करमाथि योभन्दा भद्दा मजाक अरू के हुनसक्छ ?’

अध्यक्ष भट्टले अब सरकारले यो विषयलाई राष्ट्रिय मुद्दा बनाएर जनप्रतिनिधिले काम गरेको दिनको मात्र आवश्यक भत्ता तोक्नुपर्ने माग पनि गरे । उनले भने, ‘जनताको प्रतिनिधि चुनिएर आइसकेपछि काम गरेको दिनको भत्ता कति हो, त्यो निर्धारण गरिनुपर्‍यो । वार्षिक रूपमा स्थानीय तहमा साढे ३ अर्ब त तलब मात्रै जान्छ । २६० प्रतिशतसम्म २४ प्रकारका जनप्रतिनिधिले भत्ता खाइरहेका छन् । एउटा निकायले आफू सत्तामा पुग्दा आफ्नो सेवा, सुविधा आफैँ तोक्ने होइन । राष्ट्रिय विषय भएकाले राष्ट्रिय सहमतिबाटै टुङ्ग्याइनुपर्छ ।’

जनप्रतिनिधि आफैँले तोकेको भत्ताभन्दा २६० प्रतिशत भत्ता बढी जाने स्थिति रहेको उल्लेख गर्दै भट्टले यसलाई तत्काल खारेज गर्नुपर्ने धारणा राखे । यो विषयलाई सार्वजनिक महत्वको विषय बनाएर बहस गर्नुपर्नेमा उनले जोड दिए । उनले सरकारले आफूहरूले राखेको ३५ बुँदे मागपत्रमा तत्काल सम्बोधन नगरे कडा सङ्घर्ष गर्न बाध्य हुने चेतावनीसमेत दिए ।

भारतीय नम्बर प्लेटका गाडीहरूको निर्बाध नेपाल प्रवेशमा तुरुन्त नियन्त्रण गुर्नपर्ने उनको माग थियो । मिटरब्याजीहरूको आन्दोलनप्रति पनि आफ्नो सङ्गठनले ऐक्यबद्धता जनाउने उनले बताए ।

मिटरब्याज पीडित मजदुर-किसान सङ्घर्ष समितिका उपाध्यक्ष महतम चमारले नवलपरासीका विभिन्न गाउँपालिकामा आफूजस्तै मिटरब्याजी पीडितहरू धेरै भएको बताए । सरकारले आफूहरूको समस्यामा खासै चासो नदिएको भन्दै उनले आपत्ति जनाए । सरकारले मिटरब्याजी पीडितहरूको समस्याको प्रतिवेदन बनाउन कार्यदल गठन गरे पनि कार्यदलले मिटरब्याजीहरूको समस्याभन्दा पनि आफ्नै किसिमले प्रतिवेदन तयार पारेको उनको भनाइ थियो ।

कार्यक्रमको सञ्चालन युवा जनस्वयम्सेवक नेपालका अविनाश कुँवरले गरेका थिए ।

### बलात्कारीलाई अखिल...

इन्चार्ज सुन्देवी शाहीले जारी गरेको विज्ञप्तिमा उक्त घटनामा बालिकालाई पढाइलेखाइको व्यवस्था गरिदिने र घरायसी काममा सहयोग पुग्ने गरी धर्मछोरी बनाएर घरमा राखिएकी १४ वर्षीया बालिकालाई पटकपटक बलात्कार गर्दै आएको आरोपमा जुम्ला चन्दनाथ ७ का ४८ वर्षीय प्रेमजङ्ग महतलाई प्रहरीले नियन्त्रणमा लिएको र उक्त घटना केही समयपहिले नै सार्वजनिक भए पनि विभिन्न प्रलोभन दिएर मिलापत्रको कागज बनाइदिएर बलात्कारको घटना गुपचुप बनाउन खोजेको पीडित पक्षको भनाइ रहेको पनि उल्लेख छ । यसप्रकारको गैरकानुनी काममा जनप्रतिनिधिलगायत जिम्मेवार व्यक्तिहरू नै संलग्न हुनुले उक्त घटना ज्यादै रहस्यमय बन्दै गएको भन्दै छ ।

शाहीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘ त्याग, समर्पण र बलिदानको पर्याय, प्रतिपक्षी विद्यार्थी आन्दोलनको नेता सङ्गठन हाम्रो गौरवशाली सङ्गठन अखिल (क्रान्तिकारी) संसद्वाद, सुधारवाद, अवसरवाद, दक्षिणपन्थी संशोधनवाद र प्रतिक्रियावादसँग भीषण सङ्घर्ष गर्दै न्याय, मुक्ति र समानताका लागी सङ्घर्षशील सङ्गठन हो । पछिल्लो समय देशैभर बलात्कार, हत्या, हिंसाजस्ता जघन्य अपराधका घटना देशैभर बढिरहेका छन् । यसै सन्दर्भमा केही दिनपहिले मात्र जुम्लाको चन्दनाथ नमुना माध्यमिक विद्यालय खलङ्गामा कक्षा ४ मा अध्ययनरत १४ वर्षीया छात्रा बलात्कृत भएको घटना सार्वजनिक भएको छ । यसप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ ।’

विज्ञप्तिमा अगाडि भनिएको छ, ‘उक्त घटनामा बालिकालाई पढाइलेखाइको व्यवस्था गरिदिने र घरायसी काममा सहयोग पुग्ने गरी धर्मछोरी बनाएर घरमा राखिएकी १४ वर्षीया बालिकालाई पटक–पटक करणी गर्दै आइरहेको आरोपमा जुम्ला चन्दनाथ ७ का ४८ वर्षीय प्रेमजङ्ग महतलाई प्रहरीले नियन्त्रणमा लिएको खबर छ । उक्त घटना केही समयपहिले नै सार्वजनिक भए पनि विभिन्न प्रलोभन दिएर मिलापत्रको कागज बनाइदिएर करणीको घटना गुपचुप बनाउन खोजेको पीडित पक्षको आरोप छ । जुन काममा जनप्रतिनिधिलगायत जिम्मेवार व्यक्तिहरू नै संलग्न हुनुले उक्त घटना ज्यादै रहस्यमय बन्दै गएको छ ।’

विज्ञप्तिमा भनिएको छ, ‘यस्ता जघन्य सामाजिक अपराधका घटनामा संलग्न जोसुकैलाई कडा सजाय दिनुको साटो जिम्मेवार व्यक्ति तथा निकायबाटै मिलापत्र गराउनु ज्यादै लज्जास्पद विषय हो । अतः यस घटनाको निष्पक्ष छानबिन गरेर पीडितलाई उचित न्याय र दोषीलाई कडा कारबाही गर्न सरोकारवाला निकायलाई हाम्रो सङ्गठन गम्भीर अपिल गर्दछ । अन्यथा घटनाको छानबिनलाई कमजोर र निष्पक्ष नबनाएर अपराधी र त्यसका मतियारलाई उम्काउन खोजिएको खण्डमा हाम्रो सङ्गठन जस्तोसुकै कदम चाल्न बाध्य हुने कुरा यसै विज्ञप्तिमार्फत जानकारी गराउन चाहन्छौँ ।’

समयसमीक्षा



अशोक सुवेदी

# थप विवादको चुलीमा कथित मदन पुरस्कार


## पुरस्कार मार्क्सवादविरोधी 'मिसन' मा केन्द्रित रहेको वामपन्थी चिन्तकहरूको निष्कर्ष


**पृष्ठिका**


दीक्षित परिवारका केही सदस्यले मदनशमशेर राणाको सम्पत्ति कब्जा गरेर आँखामा छारो हाल्न खोलेको कथित मदन पुरस्कार फेरि विवादमा तानिएको छ । नेपालका स्थापित प्रगतिशील स्रष्टाहरूले नै यो पुरस्कार स्थापनाको उद्देश्यमाथि प्रश्न उठाएपछि विगतदेखि उठ्दै आएको यो पुरस्कारको लक्ष्य र कामका बारेमा थप प्रश्नचिह्न लागेको हो । अग्रज महिलानेत्री एवम् प्रगतिशील स्रष्टा शान्ता श्रेष्ठ र वामपन्थी बुद्धिजीवी एवम् समालोचक गुणराज लोहनीले यसअघि नै मदन पुरस्कार गुठी, पुरस्कार र यसका कदमका बारेमा प्रश्न उठाइसकेका थिए । अब लेखक तथा वाम बुद्धिजीवी खगेन्द्र सङ्ग्रौला, डा. सुकुम शर्मा र डा. धनप्रसाद सुवेदीले पनि यो पुरस्कार कम्युनिस्टविरोधी अर्थात् मार्क्सवादविरोधी क्याम्प सञ्चालन गर्न खोलिएको तथ्य सार्वजनिक गरेका छन् ।

**उठान**

कुनै कृति वा कृतिकारको सिर्जनाको महत्वको कदर रकमको वजनमा गरिनु पुँजीवादको निकृष्ट उदाहरण हो । पुरस्कार प्रापकसँग अग्रीम रकम लिने र पुरस्कारको हल्ला पिटाएर बजार कब्जा गर्ने पुँजीवादी निकृष्ट चालले नेपाली बजार पनि अछुतो छैन । कुनै स्रष्टा वा कृतिलाई रकमको मोलमोलाइ गरेर वा प्रायोजन गरेर बजार कब्जा गर्नु भनेको शरीरको कुनै अङ्ग लिलाम गरेर सुन्दर देखिने कथित सुन्दरी प्रतियोगिताकै नयाँ तर भद्दा संस्करण हो । स्थापित, नवोदित र आफूलाई लेखक भनाउन रुचाउने प्रायः स्रष्टा/लेखकहरू आफ्नो लेखनी, विचार र सिर्जनाको उचित सम्मान भएको रुचाउँछन् । यो स्वाभाविक पनि हो । सम्मानले स्रष्टा/सर्जकलाई थप प्रेरणा र हौसला प्रदान गर्छ । कुनै पनि सिर्जनाको सम्मान र कदर त्यसले समाजमा प्राप्त गरेको मान्यताको मूल्याङ्कन र सकारात्मक प्रभाव हो । तर नेपालको लेखनबजारमा केही व्यापारी, वैधअवैध धन्दा गर्ने पात्र वा संस्थाहरूले थुपारेको अवैध, मेहनतबिनाको, कालो धन तह लगाएर प्रशस्ती गाउने भजनमण्डली तयार पार्ने र हरियो घाँस देखाएर सधैँ दासहरू उत्पादन गर्ने थलोका रूपमा भ्रष्टीकृत भइरहेका छन् । नाम र दामको भोकले आफ्नो अस्तित्व मेटाएर र कलम-विचारलाई नै मारेर सधैँ निरीहता प्रदर्शन गरेर दाताको ढोकामा ढुक्न जाने लुब्धहरू पनि यस मामिलामा जिम्मेवार छन् । चरित्र र नैतिकता नै लिलाम भइसकेपछि कुनै दाताले पुरस्कारका नाउँमा फालिदिएको कलोले तिनको के नाम कहलिएला ? तिनका कृतिले त्यस्तो सकारात्मक प्रभाव के पार्लान् ? यो गहन अध्ययन, मनन र संश्लेषणको विषय हो ।




नेपाली लेखन बजारमा २०१० को दशकदेखि मदनशमशेर राणाको नाउँमा स्थापित मदन पुरस्कार गुठी, पुस्तकालय र पुरस्कार नाउँको संस्थाले यसैगरी प्रायोजित बजार बनाइरहेको छ र केही दासहरू उत्पादन गरेर र बिकाउ कलमहरूलाई किनेर योजनाबद्ध रूपमा नोबेल, ओस्कर, पुलित्जर, ग्रामी, म्यागासेसे, बुकरसँग तुलना गराउने गरेको छ । यो सर्वथा बेठीक छ । केही दशकदेखि उठ्दै आएको कथित मदन पुरस्कारमाथिको प्रश्न यस वर्षदेखि भने अलि ठूलै स्वरमा उठेको देखिएको छ । ढिलै भए पनि यो राम्रो भएको छ ।

**आरम्भ**

कुनै निश्चित प्रतियोगितामा भाग लिएर विजयी बन्ने वा उत्कृष्ट स्थान हासिल गर्ने व्यक्तिलाई पुरस्कार प्रदान गरिन्छ तर यसका लागि खुला र पारदर्शी ढङ्गले निश्चित विधा, विधि, प्रणाली तय गरिएको हुन्छ । यसमा तोकिएको क्षेत्रबाट योग्यता वा क्षमता पुगेका व्यक्तिहरू नियमसङ्गत ढङ्गले विधिवत् शैलीले प्रक्रियामा सामेल हुन्छन् र निर्णायकहरूले निष्पक्ष रूपले परीक्षा वा प्रक्रियामा सामेल भएकाहरूको प्रतिभा र क्षमतालाई निश्चित अङ्क प्रदान गरी पुरस्कारका लागि प्रस्ताव गर्छन् । पुरस्कार प्राप्त गर्नु र सम्मान/अभिनन्दन प्राप्त गर्नु फरक कुरा हुन् । पुरस्कार जोकसैले प्राप्त गर्न सक्छ तर सम्मान, अभिनन्दन, मानपदवी जोकसै र जस्तासुकै व्यक्तिले जुनकुनै मानिसले प्राप्त गर्न सक्तैनन् ।

सामान्य अर्थमा पुरस्कार, सम्मान, अभिनन्दन, मानपदवी कुनै पनि व्यक्ति, व्यक्तित्व, कृति र कृतित्वको सम्मान र कदर हो । समाजमा कुनै राम्रो र अनुकरणीय काम गरेबापत राज्य र समाजले त्यस्ता व्यक्तिलाई प्रोत्साहन गर्न र समाजलाई नयाँ विचार र व्यवहार प्रदान गरेर अग्रगामी दिशामा डोहोर्‍याउन पुरस्कार र सम्मान प्रदान गर्ने प्रचलन छ । राजनीतिक, शैक्षिक, वैज्ञानिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा समाजसेवाका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्ति, व्यक्तित्व वा सिर्जनालाई पुरस्कृत गर्नु, अभिनन्दन गर्नु राम्रो कामको उचित सम्मान र थप नयाँ कामका लागि प्रेरणा दिनु हो । पुरस्कारले आर्थिक पक्षसमेत जोड्छ भने सम्मान र अभिनन्दनले आर्थिकभन्दा नैतिक सम्मानको पक्षलाई जोड दिन्छन् । उच्च र निःस्वार्थ भावनाका साथ प्रदान गरिने सम्मान, अभिनन्दन र पुरस्कारले व्यक्ति, व्यक्तित्व वा कृति र कृतित्वको गरिमा बढाउँछ भने निहित स्वार्थ राखेर गरिने सम्मान वा पुरस्कारले समाजलाई विकृत बनाउँछ ।

**उडान**

नेपाली साहित्य-संस्कृतिको समृद्धि र श्रीवृद्धिका लागि कयौँ पुरस्कार र सम्मान स्थापना गरिएका छन् । कयौँ सम्मान र पुरस्कार निजी स्रोत र व्यवस्थापनबाट सञ्चालन गरिएका छन् भने कयौँ संस्थागत र सरकारी स्तरबाट । श्रमिक वर्गबाट स्थापित कृष्णमणि पुरस्कारजस्ता कयौँ सम्मान आज पनि उत्तिकै ओज बोक्न सफल छन् । वर्गसमाजमा राजनीति, अर्थ, संस्कृतिजस्तै साहित्य पनि वर्गीय छ र यी क्षेत्रमा विभिन्न तप्काबाट राखिएका पुरस्कार र सम्मान पनि वर्गीय उद्देश्यबाट प्रेरित छन् । 'अन्तरमनको यात्रा' कृतिका लागि कथित 'मदन पुरस्कार' दिइएपछि एक टेलिभिजन अन्तर्वार्तामा स्रष्टा जगदीश घिमिरेले यो लेखकसँग भनेका थिए, ' मदन पुरस्कार प्रगतिवादी स्रष्टालाई नदिइएको साँचो हो र नदिइनु उचित हो ।' सोही विषयलाई अझै प्रस्ट पार्दै उनले भनेका थिए, 'के इच्छुक पुरस्कार जगदीश घिमिरेले पाउँछ ?' तुलनात्मक रूपमा प्रस्ट वक्ता घिमिरेको यो भनाइबाट पनि ' निष्पक्ष' भनेर थापिएका पुरस्कारका पसलहरूभित्र कति खतरनाक वर्गविरोधी योजना र षड्यन्त्रहरू हुँदा रहेछन् भन्ने बुझ्न कुनै कठिनाइ पर्दैन । सोही पुरस्कारको बदलास्वरूप दीक्षित परिवारले घिमिरेलाई कृष्णलाल अधिकारीको मकैको खेती पुस्तक सम्पादन गर्न लगायो र इतिहासको भ्रष्टीकरण गर्‍यो । कुनै दिन मकैको खेती पुस्तक कृष्णलालले नै लेखेका हुन् भनेर समीक्षा गर्ने कमलमणि दीक्षितले घिमिरेलाई मोहरा बनाएर उक्त कृति साहित्यिक थिएन, कृषिसम्बन्धी हिन्दी पुस्तकको अनुवाद मात्र थियो भनेर इतिहासलाई उल्टो घुमाउने धृष्टता गरेका छन् । कृष्णलाल अधिकारीलाई मकैको खेती पुस्तक लेखेकोमा भोजराज काफ्लेको उजुरीमा चन्द्रशमशेर राणाले जेल हालेपछि उनै कमलमणिका हजुरबा राममणि आदीलाई बनारसबाट झिकाएर नेपाल भाषा प्रकाशिनी समितिको अध्यक्ष बनाउनुका साथै मकैको खेती पुस्तकको भ्रष्टीकृत स्वरूप नेपाली कृषि शिक्षावली भाग १ नामको पुस्तक राममणि आदीकै नाममा छपाएका थिए । घिमिरेलाई सम्पादक बनाएर निकालिएको कृष्णलालको मकैको खेतीनामक पुस्तक सोही कृषि शिक्षावलीको परिमार्जित रूपबाहेक केही होइन । दीक्षित एन्ड घिमिरे समूहको यो षड्यन्त्रको भण्डाफोर गर्दै 'नेपालका प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती' पुस्तक सम्पादन/प्रकाशन गर्ने यस लेखकलाई दीक्षितले मुद्दा हाल्नेलगायत विभिन्न किसिमका धम्कीसमेत दिएका थिए । यस घटनाबाट पनि के प्रमाणित हुन्छ भने पुरस्कारभित्र कति ठूलो राजनीति र षड्यन्त्र लुकेको हुँदो रहेछ !

युद्धप्रसाद मिश्र र इच्छुक मात्र यस्ता सज्जन र वर्गप्रतिबद्ध स्रष्टा हुन् जसले कहिल्यै बदनाम पुरस्कार थापेनन् । दिवंगत प्रगतिशील स्रष्टा एवम् प्रलेसका संस्थापक श्यामप्रसाद लामिछाने शर्माले वर्गविरोधी संस्थाले दिएको बदनाम पुरस्कार थापेकै कारण हिजो कुनै समयसम्म केही प्रगतिशील चरित्र बोकेको संस्था प्रलेसले नै विवादित बनेर फुट र बहिष्कारको पीडा खप्नुपरेको थियो (भलै यो संस्थाले अहिले त्यो चरित्र गुमाएर विघटित पनि बनिसकेको छ) मोदनाथ प्रश्रित पनि बदनाम पुरस्कार थापेकै कारण आजसम्म आलोचित छन् । यद्यपि प्रश्रित अहिले प्रगतिशील क्याम्पबाट पूरै बाहिरिइसकेका छन् ।

मदन पुरस्कार, सीताराम पुरस्कार, मोती पुरस्कार, लुनकरणदास चौधरी पुरस्कारलगायत यस किसिमका बदनाम पुरस्कार हुन् । यी पुरस्कारले धनीमहाजनको स्तुतिगान गर्न मात्र लगाउँदैनन्, पुरस्कार र धनराशिको मोहमा पारेर तिनले समाजमा गरेका अनैतिक क्रियाकलाप र लूटमाथि आँखा चिम्लिन बाध्य पार्छन् । प्रश्रितको 'गौँथलीको गुँड' काण्ड यसको राम्रो उदाहरण हो ।

नेपाली साहित्यको क्षेत्रमा दीक्षित परिवारद्वारा सञ्चालित कथित मदन पुरस्कार गुठी र उक्त गुठीका नाममा दिइने कथित 'मदन पुरस्कार' पनि आफैँमा विवादित, यस्तै बदनाम संस्था र पुरस्कार हुन् । दीक्षित परिवारको जीहजुरी गर्ने, तिनको गुनगान गाउने र मार्क्सवादका विरुद्ध योजनाबद्ध रूपमा लागेका व्यक्ति/कृतिहरूले नै उक्त पुरस्कार नाउँको यो हरियो घाँस पाउने गरेको इतिहास कतैबाट छिपेको छैन । मार्क्सवादी बन्नुपूर्वका पारिजात र मोदनाथ प्रश्रितको नाउँ हटाइदिने हो भने यो हरियो घाँसको टाट्नामा बाँधिनेहरू सबै कम्युनिस्टविरोधी मात्र छन् र कथित पुरस्कार पाएका कृतिहरू मार्क्सवादविरुद्ध, प्रतिगमनका पक्षधर र यथास्थितिवादी मात्र छन् ।

२०७२ सालअघि यो घाँस थाप्ने तीन व्यक्ति र कृतिका बारेमा मार्क्सवादी समालोचक गुणराज लोहनी भन्छन्, 'नारायण वाग्लेको उपन्यास ' पल्पसा क्याफे', महेशविक्रम शाहको कथासङ्ग्रह 'छापामारको छोरो' र राधा पौडेलको एउटी नर्सको डायरी 'खलङ्गामा हमला' जनयुद्धलाई मात्रै आधार बनाएर रचिएका कृतिहरू हुन् । फरकफरक विधाका यी तीनवटा कृति जो विशुद्ध माओवादी जनयुद्धका विरुद्ध लेखिएका छन्, यिनैले नेपालको नोबेल पुरस्कार भनेर चिनिने मदन पुरस्कार प्राप्त गरेका छन् ।'

*नयाँ संस्कृति (अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय प्रकाशन), वर्ष २४, अङ्क ३, २०७३, पृ. ६५-६७ ।*

मदन पुरस्कार गुठी, सीताराम प्रसाईं, अरू खेतान वा चौधरी समूहले प्रदान गर्ने पुरस्कारजस्तै राजस्वमारा एनसेलले गर्ने लिटलेरी फेस्टिबल

## मदन पुरस्कारको सुरक्षित बाटो यथास्थितिको अनुमोदन हो : सङ्ग्रौला

• शिखर मोहन

मदन पुरस्कार गुठीले वर्षभरि नेपाली भाषामा छापिएका र गुठीलाई प्राप्त भएका कृतिमध्ये एउटालाई पुरस्कार दिने गर्छ । भर्खरै गुठीले ०७८ को मदन पुरस्कारका लागि छानिएका आठ कृति सार्वजनिक गरेको छ । नेपालमा मदन पुरस्कार सर्वाधिक चर्चित छ । यस पुरस्कारका लागि छनोट सूचीमा पर्नुलाई मात्र ठूलो कुरा मानिन्छ ।

यो पुरस्कार प्रगतिशील वा वामपन्थी लेखकका लागि अलि अनुदार छ भन्ने चर्चा वामवृत्तमा सुनिँदै आएको हो । प्रस्तुत छ, यसै सन्दर्भमा रहेर लेखक तथा वाम बुद्धिजीवी खगेन्द्र सङ्ग्रौलासँग रातोपाटीकर्मी शिखर मोहनले गरेको वार्ता :

मदन पुरस्कारबारे यहाँको धारणा ?

मदन पुरस्कार नेपालमा स्थापित पुरस्कारहरूमध्ये पुरानो र ठूलो नाम भएको पुरस्कार हो । हामीकहाँ पुरस्कारको वजन सामान्यतया धनराशिले मापन गरिन्छ । सबै पुरस्कारका आफ्ना केही न केही सीमा हुन्छन्, पुरस्कार संस्थापक र कृति चयनकर्ताको जीवनदृष्टि अथवा स्वार्थले पुरस्कारको उद्देश्य निर्धारण गरेको हुन्छ । तिनै उद्देश्यभित्र रहेर कुनै पनि पुरस्कार वितरण गरिन्छ । मदन पुरस्कार मदनशमशेरको सम्पत्तिबाट स्थापित र दीक्षित परिवारद्वारा सञ्चालित छ ।

सामान्यता प्रगतिशील वा वामपन्थीका रूपमा चिनिएका कृतिकारहरू मदन पुरस्कार पाउन लायक ठहरिँदैनन् । यो मदन पुरस्कारको दृष्टि र प्रवृत्तिबाट निर्मित वामपन्थी बुझाइ हो । यदाकदा अपवाद होलान् तर सामान्यतया चिन्तन र सिर्जनाको वामपन्थका लागि मदन पुरस्कारको द्वार बन्द छ ।

मदन पुरस्कार पात्र वा कृति चयनमा जोखिम उठाउन डराउँछ । यसले सुरक्षित बाटो खोज्छ । यसको सुरक्षित बाटो त यथास्थितिको अनुमोदन हो । उदाहरण हो : कञ्चन पुडासैनी र राजेश्वर देवकोटा मदन पुरस्कार पाउन योग्य मानिनु तर विश्वेश्वरप्रसाद कोइराला र भूपि शेरचन पुरस्कारयोग्य नठानिनु ।

२) प्रगतिशील विचारधाराको नकारात्मक चित्रण गरेका कृतिले मदन पुरस्कार पाउँछन् त ?

यदाकदा एकदमै नग्न रूपमा त्यस्तो पनि देखिन्छ । उदाहरणमा 'खलङ्गामा हमला एउटी नर्सको डायरी' आउँछ । ज्ञानीहरू भन्छन्– यो बिल्कुल प्रायोजित लेखन हो, जसको प्रयोजन हो- विद्रोही र विद्रोहलाई बदनाम गर्नु । यो आशङ्का वा आरोपलाई पुष्टि गर्ने मूर्त सबुत छ-छैनन्, तथापि पुरस्कृत कृतिको प्रकृति र प्रवृत्तिले स्वभावतः यस्तो आशङ्का जगाउँछ ।

तपाईंको विचारमा नारायण वाग्लेको पल्पसा क्याफे के माओवादीविरोधी भएकाले पुरस्कृत भएको हो ?

पल्पसा क्याफे एउटा प्रयोगवादी उपन्यास हो । यसमा माओवादी विद्रोहको एक झलक प्रस्तुत छ र प्रमुख माओवादी पात्रको अवसानसँगै यो प्रकरण टुङ्गिन्छ । त्यसैले माओवादी विद्रोहको ध्येयलाई पल्पसा क्याफेले निषेध गरेको अर्थमा यसलाई बुझिएको छ । यो बुझाइको वामकोण हो । तर पल्पसा क्याफेको माओवादी प्रकरण उपन्यासको एक मात्र पक्ष होइन । यसका अनेक पक्ष छन् । यस प्रसङ्गमा एउटा कुराचाहिँ मलाई विचारणीय लाग्छ । त्यो हो– मदन पुरस्कारद्वारा नारायण वाग्ले पुरस्कृत भए, गम्भीर र सिद्धिप्राप्त साधक नारायण ढकालचाहिँ कहिल्यै पुरस्कृत भएनन् । किन होला ?

कविता

## प्रियलाई चिठी



• सङ्गम आरसी

महासमरको गर्विलो यात्राबाट
क्रान्तिको वक्ररेखाबाट
रगत र आँसुका बीचबाट
रक्तिम अभिवादन र असीम माया
अनि मीठो सम्झना
मेरो प्रिय !

सबै कुरा वर्गीय भएझैँ
प्रेम-विवाह पनि त्यसबाट अछूत रहँदैन
त्यसैले पनि हामी
महान् क्रान्तिको महान् लक्ष्य पूरा गर्ने
महान् अभियानका क्रममा
सर्वहारावादी विश्व-दृष्टिकोण र
मालेमावादलाई साक्षी राखी
वर्गीयता, एकनिष्ठता र क्रान्तिकारिताका आधारमा
संवेगबाट उठान र विवेकबाट नियन्त्रित
प्रेमको उच्च रूप
वैवाहिक जीवनको डोरीमा बाँधिन पुग्यौँ
त्यो जीवनको अविस्मरणीय सम्झौता थियो
त्यसैले मेरो प्रिय !

त्यो हर्षदायी अविस्मरणीय क्षणमा
हाम्रो प्रतिज्ञा र प्रतिबद्धता थियो-
जीवनको अन्तिम घडीसम्म पनि
मालेमावादको आलोकमा
सहिदको रगतबाट निर्मित
निधारमा पहिरिएको अबिरलाई
कहिल्यै पनि नभुलेर
२१ औँ शताब्दीको क्रान्तिको महान् लक्ष्यलाई
दह्रोसँग पकड्दै
पार्टी-क्रान्तिलाई जीवनपद्धति बनाई
स्वर्णिम संसार निर्माणका लागि
भीमकाय महाविपत्तिका मोडहरूमा पनि
सहिदका रक्तचापहरूलाई पछ्याउँदै
रगतका फाल्साहरूका बीचबाट
नयाँ जीवनको मूर्त रूप दिन तत्पर भइरहनेछौँ

मेरो प्रिय !
मिर्मिरे उज्यालोको बीचबाट सूर्यको खोजी गर्दै जाँदा
कहालीलाग्दा पहाडहरू भेटिन सक्छन्
सहिदका शवहरूले पहाड चुम्न सक्छन्
त्यतिबेला आँसुले आँखा धोइन सक्छन्
तर पनि निरन्तर क्रान्तिको यात्रालाई
आत्मसात गरिहनेछौं

मेरो प्रिय !
न्यायको बुलन्द आवाज उठाउँदा
हाम्रा छातीमा फासिस्टका सङ्गीनहरू रोपिन सक्छन्
मुक्तिका औँलाहरू ठड्याउँदा
हाम्रा औँलाहरू काटिन सक्छन्
त्यतिबेला भन्नेछौ
स्वाभिमानी शिर उठाएर-
महान् क्रान्ति जिन्दावाद
फासिस्ट सत्ता मुर्दावाद
हतकडी र नेल पहिरिँदा पनि
सम्झौताका शब्दहरू ओकल्नेछैनौ
त्यतिबेला स्वीकार्य हुनेछ
क्रान्तिका निम्ति गहना त युद्धका ट्रेन्च हुन्


मेरो प्रिय !
क्रान्तिको महान् अभियानमा यात्रा गर्दै जाँदा
मार्क्सवादको खोल ओढी
मार्क्सवादको छातीमा छुरा धस्दै
मालेमाको माला जप्दै
सर्वहारावर्गीय महान् लक्ष्यलाई दुत्कार्दै
क्रान्तिको गला रेट्न आउन सक्छन्
त्यतिबेला
मालेमावादको धारिलो हतियारले
गद्धारहरूको टाउको छिनाल्न चतुर बन्नैपर्छ ।
क्रान्तिकारी आदर्शको व्यापार गर्ने
मार्क्सवादको अनुयायी बनेर
इतिहासका कालखण्डमा लोप हुँदै गएका
बर्नस्टिन, ट्राट्स्की र ख्रुस्चोभी काला सर्पहरू
रङ्गीचङ्गी रूप धारण गर्दै
झूट र नक्कली आडम्बर
अनि आदर्शका मालिकहरू
पुनः जिब्रो लप्लपाउँदै आउन सक्छन्
तीन जादुगरी हतियारद्धारा
ध्वस्त पारिदिनुपर्छ ।

त्यसैले मेरो प्रिय !
अझै भीषण प्रतिज्ञा गरौँ-
पार्टी र क्रान्तिलाई जीवनको अभिन्न अङ्ग बनाउँदै
फासिस्ट सङ्गीन र गोलीले छाती भेदन गर्दा पनि
छातीबाट निरन्तर रक्तप्रवाह हुँदा पनि
लक्ष्य र उद्देश्यबाट पथविचलित नभई
क्रान्ति हाम्रो मुटुको धड्कन बनिरहनेछ ।
जोखिमभन्दा जोखिम मोडहरूमा पनि
श्रमजीवी, सर्वहारा वर्गको
उज्ज्वल भविष्य निर्माणको खातिर
निरन्तर क्रान्तिको अभियानमा
जीवनको सार्थकता दिइरहनेछौं ।

*(२०६२ सालमा गण्डक अभियानको बेला पाल्पामा तत्कालीन शाही सेनासँगको भीषण भिडन्तपछि लेखिएको यो कविता २०७७ सालमा केपी वली सरकारले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाएपछि परिमार्जन गरिएको हो ।- लेखक)*

*कवि नेकपा (बहुमत) का सचिवालय सदस्य हुन्- सम्पादक ।*

यस्तै नकारात्मक घटनाको सटिक उदाहरण हो । अर्को नकारात्मक उदाहरणका रूपमा तानाशाह ज्ञानेन्द्र शाहलाई गीतकारका रूपमा महिमामण्डित गर्ने पात्र व्याकुल माइला गणतन्त्र र सङ्घीय नेपालको राष्ट्रिय गीतका रचनाकार घोषित हुनु र देश वर्गसङ्घर्षको उच्च प्रक्रिया जनयुद्धमा अघि बढिरहेको र श्रमिक जनताले मुक्तिका लागि सामन्ती शासनका विरुद्ध धरतीमा रगत रोपिरहेको समयमा ज्ञानेन्द्र शाहले सत्ताको दुरुपयोग गरेर राजभक्त माधव घिमिरेलाई कथित 'राष्ट्रकवि' को पगरी गुथाउनुलाई लिन




सकिन्छ । इच्छुकको हत्यामा संलग्न विक्रम थापा र अमरसिंह शाह, जनआन्दोलन दमन गर्ने दुर्जकुमार राई, दोरम्बा हत्याकाण्डका खलनायक शाहीसेनाका मेजर राममणि पोखरेलहरूले उन्मुक्ति मात्र होइन, बढुवा र प्रोत्साहनसमेत पाउनु पुरस्कार र सम्मानको दुरुपयोगका अरू दृष्टान्त हुन् । यस्ता सयौँ दृष्टान्त दिन सकिन्छ ।

महान् सांस्कृतिक सहिद कृष्ण सेन इच्छुकका नाममा स्थापित र कुनै बेला पुष्पकमल दाहाल 'प्रचण्ड' र कमरेड मोहन वैद्य संरक्षक रहेको इच्छुक सांस्कृतिक प्रतिष्ठान र इच्छुक पुरस्कार प्रतिष्ठानकै तत्कालीन अध्यक्ष ज्ञवाली प्रतिष्ठानको अपारदर्शी आर्थिक कारोबारमा लिप्त भएको भन्दै अख्तियारले प्रतिष्ठान कार्यालय नै छापामारेर अनुसन्धान थालेको, हिजोको ओज बोक्न नसकेर थलापरेको र त्यही भ्रष्टाचार लुकाउन नेकपा क्रान्तिकारी माओवादीबाट भागेर प्रचण्डको ओत लाग्न गएको गुनासो सुनिँदै आएको छ ।

### कथित मदन पुरस्कार प्राप्तकर्ताहरू

सत्यमोहन जोशी (२०१३, २०१७ र २०२८), चित्तरञ्जन नेपाली (२०१३), सिर्जना कँडेल, लीलाध्वज थापा, करुणाकर वैद्य, कृष्णचन्द्रसिंह प्रधान, गङ्गाविक्रम सिजापति, नित्यराज पाण्डे, भीमनिधि तिवारी, शिशिर कँडेल, गोपालप्रसाद रिमाल, कोमलनाथ अधिकारी, जनकलाल शर्मा,

## के प्रगतिवादी लेखनप्रति मदन पुरस्कारले पूर्वाग्रह राख्छ ?

मदन पुरस्कार गुठीले भर्खरै ०७८ को मदन पुरस्कारका लागि छानिएका आठ कृति सार्वजनिक गरेको छ । छनोट प्रयोजनका लागि आफूलाई दुई सय ९९ कृति प्राप्त भएको, यीमध्ये आठ कृति छनोट गरिएको र छानिएकामध्ये एक पुस्तकलाई सर्वश्रेष्ठ पुस्तकका रूपमा वर्ष ०७८ को मदन पुरस्कार दिइने गुठीले जनाएको छ ।

वर्ष ०७८ का लागि छानिएका कृति हुन्– डा. नवराज लम्सालको 'अग्नि', डा. दामोदर पुडासैनी 'किशोर' को 'ग्रीष्मको नीलो बतास', वसन्त बस्नेतको 'महाभारा', दीपा मेवाहाङ राईको 'यादको सन्दुक', डा. नयनाथ पौडेलको 'लिच्छवि लिपि', प्रा. नीलमणि ढुङ्गानाको 'व्युत्पत्तिमूलक संस्कृत–नेपाली शब्दकोश', सुजित मैनालीको 'सती : इतिहास र मीमांसा' र पद्मसुन्दर जोशीको 'हिति प्रणाली' ।

नेपाली कृति (आख्यान वा गैरआख्यान) लाई दिइने पुरस्कारमध्ये मदन पुरस्कार सर्वाधिक चर्चित छ । पछिल्लो समय, यस पुरस्कारको छनोट सूचीमा परेका कृतिले चर्चा पाउन थालेका छन् ।

मदन शमशेरको सम्पत्तिबाट स्थापित र दीक्षित परिवारद्वारा सञ्चालित यस पुरस्कार २०१३ सालदेखि दिन थालिएको हो । २०७७ सम्म आइपुग्दा यस पुरस्कारबाट ७४ कृति पुरस्कृत भएका छन् । वामवृत्तमा सुनिन्छ, यो पुरस्कार प्रगतिशील वा वामपन्थी लेखकका लागि अलि अनुदार छ ।

लेखक तथा वाम बुद्धिजीवी खगेन्द्र सङ्ग्रौलाको विचारमा, सामान्यतः प्रगतिशील वा वामपन्थीका रूपमा चिनिएका कृतिकार मदन पुरस्कार पाउन लायक ठहरिँदैनन् । 'यो मदन पुरस्कारको दृष्टि र प्रवृत्तिबाट निर्मित वामपन्थी बुझाइ हो । यदाकदा अपवाद होलान् तर सामान्यतः चिन्तन र सिर्जनाको वामपन्थका लागि मदन पुरस्कारको द्वार बन्द छ', सङ्ग्रौला भन्छन्, 'यस पुरस्कारले यथास्थितिको अनुमोदन गर्छ ।'

यस पुरस्कारले पुरस्कृत पात्र वा कृति चयनमा जोखिम उठाउन डराउने सङ्ग्रौला बताउँछन् । उनको बुझाइमा यो पुरस्कार कहिलेकहीँ प्रगतिशील विचारधारा र विद्रोहलाई बदनाम गर्न नग्न रूपमा उभिएको पनि छ । 'खलङ्गामा हमला एउटी नर्सको डायरी' लाई उदाहरण मान्न सकिन्छ । ज्ञानीहरू भन्छन्– यो बिल्कुल प्रायोजित लेखन हो जसको प्रयोजन हो- विद्रोही र विद्रोहलाई बदनाम गर्नु', सङ्ग्रौला भन्छन्, 'यो आशङ्का वा आरोपलाई पुष्टि गर्ने मूर्त सबुत छ/छैनन् तथापि पुरस्कृत कृतिको प्रकृति र प्रवृत्तिले स्वभावतः यस्तो आशङ्का जगाउँछ ।'

मदन पुरस्कार पुस्तकालयका कर्मचारी राजीव सिंहका अनुसार, यो पुरस्कार नितान्त नेपाली भाषामा लेखिएको मौलिक र उच्च कोटिको ग्रन्थलाई दिइन्छ । 'वर्षभर लेखिएका र गुठीमा दर्ता हुन आएका साहित्य, ज्ञान–विज्ञान, विकास–उन्नति जुनसुकै विषयको उत्कृष्ट कृतिले यो पुरस्कार पाउँछ', उनी भन्छन्, 'तर विचारधाराको कसी बनाइँदैन । प्राप्त पुस्तक समितिले अध्ययन गर्छ । विभिन्न पाठकको प्रतिक्रिया बुझ्छ । अनि उत्कृष्ट ठहरिएको कृतिलाई पुरस्कार दिने गरिएको छ ।'

नेपाली साहित्यमा पुरस्कार दिने प्रचलन सुरु नै नभएको, एक प्रकारले खडेरीको अवस्थामा स्थापना भएको र निजी क्षेत्रको सबैभन्दा बढी धनराशिको पुरस्कार भएकाले यो पुरस्कार बढी चर्चित हुन पुगेको बताउँछन् अखिल नेपाल लेखक सङ्घका अध्यक्ष डा. धनप्रसाद सुवेदी । 'सुरुसुरुमा यो पुरस्कार राम्रै कृतिहरूलाई पनि दिइएको पाइन्छ', सुवेदी भन्छन्, 'वैचारिकता एकातिर छ, साहित्यिक मूल्यका दृष्टिले हेर्दा केही राम्रै सिर्जनाले र केही खोजमूलक कृतिले यो पुरस्कार पाएका छन् । पछिल्लो समय भने त्यो स्तरलाई कायम गरेको देखिँदैन ।'

वैचारिक दृष्टिले हेर्दा प्रगतिशील खेमाबाट साहित्य लेख्ने गोपालप्रसाद रिमाल (आमाको सपना), रमेश विकल (नयाँ सडकको गीत), मोदनाथ प्रश्रित (मानव) जस्ता सीमित स्रष्टाका कृतिले मात्रै यो पुरस्कार पाएको देखिन्छ । 'यसबाट पनि यस पुरस्कारको वैचारिक पक्षधरता प्रस्ट हुन्छ', डा. सुवेदी भन्छन् । पुरस्कारको पृष्ठभूमि र उद्देश्य नै फरक रहेकाले प्रगतिवादी लेखकले यसको अपेक्षा गर्नु उचित नहुने उनको बुझाइ छ । 'कम्युनिस्ट विचारधारालाई विद्रूपीकरण र अवमूल्यन गरेका कति कृतिलाई यो पुरस्कार दिइएको छ', उनी भन्छन्, 'पल्पसा क्याफे, खलङ्गामा हमला आदि यसका उदाहरण हुन् । दमिनी भीर उपन्यासले पनि कम्युनिस्ट विचारधाराप्रति वितृष्णा व्यक्त गरेको छ ।'

मार्क्सवादी समालोचक गुणराज लोहनीका अनुसार नारायण वाग्लेको 'पल्पसा क्याफे', महेशविक्रम शाहको 'छापामारको छोरो' र राधा पौडेलको 'खलङ्गामा हमला एउटी नर्सको डायरी' जनयुद्धलाई मात्रै आधार बनाएर रचिएका कृति हुन् । प्रगतिवादी कोणबाट हेर्दा विरोधी वैचारिक धाराको कृतिलाई यो पुरस्कार दिइएको देखिन्छ ।

मदन पुरस्कार पाएपछि लेखक स्थापित हुन्छ भन्ने पनि धारणा र मान्यता छ । समालोचक डा. सुकुम शर्मा भने मदन पुरस्कार पाउने सबै कृति स्तरीय नहुने धारणा राख्छन् । 'सत्यमोहन जोशी, शङ्कर लामिछाने, पारिजात, ध्रुवचन्द्र गौतमजस्ता धेरै लेखकले यो पुरस्कारको गरिमा बढाएका छन्', डा. शर्मा भन्छन्, 'यो पुरस्कार नपाएका कतिपय लेखकले यो पुरस्कारबाट पुरस्कृत कृतिभन्दा उत्कृष्ट कृति लेखेर आफ्नो युग बनाएका छन् ।'

मदन पुरस्कार गुठीको आफ्नै मान्यता वा विचारधारा रहेको र त्यससँग बाझिने विचारधारा राख्ने कृतिलाई यो पुरस्कार नदिएको पाइएको डा. शर्माको बुझाइ छ ।

उक्त व्यवस्था र पछिल्लो दलाल पुँजीवादी व्यवस्थाको पक्षपोषण गर्ने साहित्य, खोज, अनुसन्धानलाई पुरस्कृत गर्दै आएको छ ।'

*नयाँ संस्कृति, ऐ.*




कथित मदन पुरस्कार दिने वा प्राप्त गर्ने प्रणालीका बारेमा अझै पनि अध्येताहरूले गहन र मिहीन अध्ययन गरेको पाइँदैन वा गरेर पनि तथ्यहरु लुकाएर सार्वजनिक गर्ने हिममत गरेका छैनन् किनकि यो हरियो घाँसले अध्येताहरूको घ्राणशक्ति पनि कमजोर बनाइदिएको छ । देखिनु र हुनुको अन्तरविरोध यहाँ पनि राम्रैसँग देखिन्छ । हरियो घाँसले मानिसलाई कतिसम्म क्रूर, निर्विवेकी र मूर्ख बनाउँदो रहेछ भन्ने उदाहरणका लागि धेरै टाढा जानै पर्दैन । आफूलाई क्रान्तिकारी

महाराजाका इतिहास, पुरुषार्थ, विकृत संसदीय व्यवस्थामा सामेल पार्टी वा सङ्गठनका इतिहास, आदर्शवादी दर्शनको प्रचारप्रसार र गुणगान गाएका कृतिहरू पुरस्कृत भएका छन् । त्यसैले अहिलेसम्मको परिघटनालाई नियाल्ने हो भने मदन पुरस्कार पाएका उत्कृष्टमा दरिनुको साटो प्रतिगमन र यथास्थितिवादको दलाली, गुलामी गर्नेहरूमा बदनाम हुन पुगेका छन् । त्यसैले २०६२ देखि २०७३ सम्मका जनयुद्धकाल र शान्तिप्रक्रियाको अवधिमा हिजोकै विरासतलाई निरन्तरता दिँदै जनयुद्धविरुद्ध सबैभन्दा बढी विषवमन गर्न सक्ने प्रतिगामी लेखनपद्धतिका 'पल्पसा क्याफे', 'छापामारको छोरो', जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा', युवराज नयाँघरेको 'एक हातको ताली', राजन मुकारुङको 'दमिनी भीर', राधा पौडेलको 'खलङ्गामा हमला', विजयकुमारको 'खुशी' र रामलाल जोशीको 'ऐना' मदन पुरस्कारद्वारा सुशोभित भएका छन् । यीमध्ये राजन मुकारुङ वामपन्थी विचार राख्छन्, बाँकी सबै सामन्ती राजतन्त्रका पक्षपाती हुन् । मदन पुस्कार पाएका बाहेक पनि अन्य थुपै कृतिहरू छन्, जो जनयुद्धका विरुद्धमा लेखिएका छन् । जनगदीश घिमिरेको 'सकस', नारायण वाग्लेका 'मयुर टाइम्स', शारदा शर्माको 'ताप', बुद्धिसागर न्यौपानेको 'कर्णाली ब्लुज', महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' गोविन्द वर्तमानको 'सोऱ्ह साँझ' जनयुद्धविरुद्ध प्रायोजनसहित आलेखनको पूर्वतयारीमा सिर्जित साहित्यिक कृति हुन् ।'

*लोहनी, नयाँ संस्कृति ऐ.*


कुनै समयमा तारानाथ शर्माको नाउँ हक्की समालोचकका रूपमा आउँथ्यो । जतिबेलबसम्म उनी मार्क्सवादका पक्षपाती थिए, उनले बालकृष्ण






र आमूल परिवर्तनकारी भन्न रुचाउने केही संस्कृतिकर्मीहरूले बुर्जुवा प्रज्ञाप्रतिष्ठानहरूमा जान आफ्नै कमरेडहरूसँगसमेत लुकेर/लुकाएर र पार्टी एचक्यूको आदेशसमेत अटेर गरेर रातारात गरेको गुटबन्दी, दौडधूप, हसिनपसिन अनि बुर्जुवा सत्ताले लोप्पा ख्वाइदिएपछि देखिएको 'हिस्स हर्के, हरिया दाँत' को अवस्था हामीले नै भोगेको धेरै लामो समय भएको छैन । यही अवस्था हामीले प्रलेस नामको यथास्थितिवादी संस्थामा पनि भोगेका हौँ । सहिदका नाउँमा

समको चिसो चुलोलाई नेपाली साहित्यको झुसिलो डकारसम्म पनि भन्न भ्याए तर उनै शर्मा पछि गएर राजभक्त बने । उनको विचारसँगै समालोचक कलम पनि मऱ्यो । त्यसपछि डा. बराल निकै खरो समालोचकका रूपमा अघि आएका थिए । यतिबेला उनी कहाँ छन्, बत्ती बालेर खोज्नुपर्ने अवस्था उत्पन्न हुँदै गएको छ ।

कथित मदन पुरस्कार राणा शासक परिवारका मदनशमशेर राणा र उनकी श्रीमती जगदम्बाको श्रीसम्पत्ति कर, बल, छल कब्जा गरेर आँखामा












बालकृष्ण पोखरेल, मुकुन्दशरण उपाध्याय, नवराज चालिसे, लक्ष्मीबहादुर बिस्ट, पारिजात (शिरीषको फूल), उत्तम कुँवर, मोदनाथ प्रश्रित (मानव महाकाव्य), शङ्कर लामिछाने, ग्रीष्मबहादुर देवकोटा, पारसमणि प्रधान, धर्मराज थापा, तारानाथ शर्मा, महानन्द सापकोटा, स्थिरजङ्गबहादुर सिंह, बिहारीकृष्ण श्रेष्ठ, डा. चूडामणि बन्धु, प्रदीप रिमाल, ईश्वर बल्लभ, धनबज्र बज्राचार्य, भवानी भिक्षु, डा. वासुदेव त्रिपाठी, धनुषचन्द्र गौतम (धच गोतामे), डा. छविलाल गजुरेल, जगदीशशमशेर राणा, मोहन कोइराला, मदनमणि दीक्षित, डा. ध्रुवचन्द्र गौतम, कञ्चन पुडासैनी, मोहनराज शर्मा, नयराज पन्त, राजेश्वर देवकोटा, दौलतविक्रम बिस्ट, डा. राजेश गौतम, युजनराज भण्डारी, सरुभक्त, डा. भवेश्वर पंगेनी, शरदचन्द्र शर्मा भट्टराई, फादर विलियम बार्क, विनोदप्रसाद धिताल, डा. दयाराम श्रेष्ठ, लोकेन्द्रबहादुर चन्द, डा. केशवप्रसाद उपाध्याय, बुद्धिनारायण श्रेष्ठ, हरिराम जोशी, रेवतीरमण खनाल, गोपाल पराजुली, नारायण वाग्ले, कृष्ण धराबासी, महेशविक्रम शाह, जगदीश घिमिरे, युवराज नयाँघरे, नरबहादुर साउद, झमक घिमिरे, अमर न्यौपाने, राजन मुकारुङ, राधा पौडेल, विजय पाण्डे, रामलाल जोशी, घनश्याम कँडेल, निलम कार्की निहारिका आदि ।

यी पात्रहरूको नाम सरसर्ती मात्र अध्ययन गर्ने हो भने पनि कथित मदन पुरस्कार कसकसले पाएका रहेछन् र तिनलाई किन यो हरियो घाँस खुवाइयो होला भन्ने अनुमान गर्न कुनै गाह्रो पर्दैन । स्थापनादेखि यतिबेलासम्म अधिकांश तत्कालीन सत्ताका प्रशंसक, भाट, ब्राह्मण समुदायका र दीक्षित परिवारका आसेपासेहरूलाई मात्र यो हरियो घाँस खुवाएको देखिन्छ । कथित मदन पुरस्कार प्राप्त कृतिकार र कृतिका बारेमा चर्चा गर्दै समालोचक गुणराज लोहनी भन्छन्, 'शैलीशिल्पका हिसाबले नारायण वाग्ले र राधा पौडेलको मदन पुरस्कार पाउने हैसियत हैन । जुन कुरा उनीहरूको लेखनबाट पनि स्पष्ट हुन्छ । यी दुईजनालाई लेख्न कतैबाट प्रेरित गरिएको हो भन्न सकिन्छ । राधाको डायरीलाई त नेपा लयले पूरै सम्पादन गरिदिएको कुरा बाहिर पनि आएको थियो । महेशविक्रम एकजना पुलिस अधिकृत हुन् । उनी आफैँ माओवादी जनयुद्धलाई दमन गर्न खटिएका थिए । उनको कमान्डले कतिजना निर्दोष जनतालाई माऱ्यो होला ! कति बेपत्ता भए होलान् ! अङ्गभङ्ग भए होलान् ! कैयौँ महिला बलात्कृत भए होलान् ! प्रतिक्रियावादी पुरानो सत्ताको नुनपानी खाने तर नयाँ सत्ताको गुणगान गाउने कुरा उनको हिम्मत र हैसियतभन्दा बाहिरको कुरा थियो । त्यसैले महेशविक्रम शाहले जनयुद्धलाई विद्रूपीकरण गर्नु उनको कर्तव्य नै थियो तर आफू निष्पक्ष पत्रकार र जनताको स्वास्थ्य सेवा गर्ने भन्न रुचाउने नारायाण वाग्ले र राधा पौडेलले विद्रूपीकरण गर्नुका पछाडि कुनै कारण रहेको अवश्य छ । यिनै साहित्यहरूले अहिले मदन पुरस्कार पाउन थालेका छन् ।

मदन पुरस्कार दिने संस्था जसको पकडमा छ, उनीहरू निगम पुँजीवादका नेपाली प्रतिनिधि मात्र नभएर संस्थापक पनि हुन् । साहित्यमा कुनै योगदान नभएका राणा परिवारका सम्भ्रान्त सन्तानहरूको नामबाट गुठी सञ्चालन गरिएको मदन पुरस्कारको स्थापनाकालदेखि नै तत्कालीन सत्ताको भजनकीर्तन गर्नेहरूलाई उक्त पुरस्कारले सुशोभित गरिन्थ्यो । विगत ६१ वर्षदेखि अ–साहित्यबाहेक सबै साहित्यिक रचनाहरू समकालीन राजनीतिक संरचनाको पक्षपोषण गरेका थिए । उदाहरणका लागि २०४५ सालमा पञ्चायतविरुद्ध भीषण आन्दोलन भइराखेको परिवेशमा पञ्चायती व्यवस्थाका विरोधी काङ्ग्रेस र कम्युनिस्टहरूका विरुद्धमा राजेश्वर देवकोटाद्वारा लेखिएको उपन्यास 'उत्सर्ग' लाई यो पुरस्कार दिइएको थियो । प्रगतिशील सशक्त महिला हस्ताक्षर पारिजातलाई नै मन नपरेको र च्यातिदिनू भनिएको विशुद्ध यौनमनोविज्ञानमा आधारित उपन्यास 'शिरीषको फूल' लाई २०२२ सालमा मदन पुरस्कार दिइएको थियो । यसरी मदन पुरस्कार गुठीले पञ्चायतकालमा पञ्चायती व्यवस्थाको, संसदीय व्यवस्थाको स्थापनापश्चात्







स्थापित संस्थाहरुमा समेत यस्तो देखिएको हो ।

यिनै र यस्तै कारणले हुनसक्छ, मदन पुरस्कार नामको यो पुरस्कार र यसका दाताहरूको अन्तर्यका बारेमा पनि खासै गहन खोज, आलोचना र टिप्पणी भएको पाइँदैन किनकि केही मिडियाका पात्रहरू किनेर वा भोज खुवाएर यसलाई 'नेपालको नोबेल पुरस्कार' भन्न लगाइएको छ । समालोचकहरू इतिहास खोज्न र पर्गेल्नेतिर उत्साहित देखिँदैनन् किनकि उनीहरूलाई पनि विरोधमा लेख्दा वा सत्य उजागर गर्दा हरियो घाँसबाट कटिएला कि भन्ने चिन्ता छ । भाट स्रष्टाहरू त भजन गर्नतिर लाग्ने नै भए, बर्सेनि प्रतिगामीहरूको कुम्भमेला आयोजना गरेर प्रदान गरिने यो हरियो घाँस खोसिने हो कि भन्ने चिन्ताले यथार्थ बक्न नपाउँदै जीवन ओरालो लागेको स्रष्टाहरूलाई पत्तै हुँदैन ।

कथित मदन पुरस्कार पाउने कृतिकार र कृतिका बारेमा लोहनी अगाडि लेख्छन्, '२०६२ सालदेखि अहिलेसम्म २०६८ सालमा झमककुमारीको 'जीवन काँडा कि फूल' लाई छाडेर जति पनि मदन पुरस्कार पाएका छन्, ती सबै रचना खोज–अनुसन्धानका नाममा राजा–

छारो हाल्न गरिएको कसरत मात्र हो । दीक्षित परिवारले आफ्नो सबै सम्पत्ति हत्याइसकेपछिको 'रानी' जगदम्बाको अवस्थाबारे चित्रण गर्दै निर्भीक लेखक एवम् महिला आन्दोलनकी अगुवा शान्ता श्रेष्ठ भन्नुहुन्छ, 'दीक्षित परिवारले सम्पत्ति कब्जा गरेपछि र मदनशमशेरको मृत्यु भइसकेपछि जगदम्बाको आर्थिक अवस्था अत्यन्त नाजुक भयो । उनलाई साँझबिहान टार्न पनि धौधौ भयो । अशक्त अवस्थामा दीक्षित परिवारले उनलाई घरबाहिर निस्कन पनि दिएन । त्यत्रो सम्पत्ति हडपेका दीक्षित परिवारले राम्रो खानलाउन र उपचार गर्ने वातावरणबाट वञ्चित राखेकै समयमा जगदम्बाको कन्तबिजोगपूर्ण मृत्यु भयो । यो कुरा म त्यहाँ जाँदा पनि देखेकी थिएँ र दीक्षित परिवारको एउटा भान्सेले पनि मलाई घरमै आएर बताएको थियो ।'

(श्रेष्ठसँगको कुराकानीमा आधारित)

कथित मदन पुरस्कारका बारेमा पछिल्लो समयमा सञ्चारमाध्यम र विशेषतः रातोपाटी अनलाइनमा आएको बहसलाई थप बहसबाट सत्य र तथ्य पर्गेल्न सहज होस् भन्ने उद्देश्यले यहाँ जस्ताको तस्तै राख्ने अनुमति माग्छु ।

*(सामान्य सम्पादन र थपघटसहित पुनः प्रकाशित)*

नियमित

# कथित कम्युनिस्ट नेता र पार्टीविरुद्ध विद्रोह बोलौँ !



नारायण शर्मा

आज हाम्रो देशका राष्ट्रिय भनिएका पार्टी र तिनका मुख्य-मुख्य नेताहरू कमरेड आजाद खड्काले भन्नुभएजस्तै फटाहा र गद्दार भैसकेका छन् ! तर तिनीहरूका विरुद्धमा वैचारिक-राजनीतिक सङ्घर्ष गरेर तिनलाई रूपान्तरण गर्न सकिन्छ भन्ने एउटा मृगतृष्णा उहाँलगायत यी पार्टीका थुप्रै ठूला-साना नेता-कार्यकर्ताहरूमा व्याप्त छ । के ती साँच्चै रूपान्तरण हुन्छन् त ? हुने भए त माकेभित्र गुरुङहरूले, एसभित्र झलनाथहरूले, एमालेभित्र भीम-घनहरूले र बाबुरामभित्र डम्बर खतिवडाहरूले कम्ती गरेका हुन्/छन् र यस्तो सङ्घर्ष ? खोइ त रूपान्तरण भएका यी लाउके नेताहरू ? प्रचण्ड, माधव, केपी, बाबुरामलगायत यी हठी र दम्भी युद्धसरदार बनेका नेताहरू त झन्पछि झन् साम्राज्यवादी-विस्तारवादीहरूको दलाली गर्दै र नेपाल राष्ट्र, नेपाली जनता र नेपाली क्रान्तिप्रति गद्दारीस्वरूप अन्ततः वर्ग, वर्गसङ्घर्ष, वर्गीय विचार, भावना, व्यवहारलगायत आफ्ना घोषित मूल्य-मान्यता र प्रण-प्रतिबद्धताहरूलाई पूराका पूरा बिर्सेका र विसर्जन गरेका छन् । यति मात्र होइन, यिनीहरू नै अहिले त कम्युनिस्ट पार्टी, आन्दोलन र क्रान्ति एवम् राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान, स्वत्व र अस्तित्व नै समाप्त पार्ने दिशामा म्याराथन दौडको प्रतिस्पर्धामा पो छन् त ?! यसरी यी नेताहरूले यतिबेला त साम्राज्यवादी-प्रतिक्रियावादीहरूको प्यारो बन्ने र उनीहरूको पक्का प्यादा भएको प्रमाणपत्रस्वरूप नोबेल पुरस्कारलगायत प्रतिक्रियावादी पुरस्कारहरू पनि प्राप्त गर्ने लक्ष्य-उद्देश्यमा अर्जुनदृष्टि लगाइरहेका छन् ! त्यसैले प्रस्ट छ, प्रतिक्रियावादीहरूबाट पाउने पद/पावर, पैसा, प्रशंसा, पुरस्कार र प्राणजस्ता पाँच प जन्य तुच्छ कुराहरूका भीक्षाका निम्ति नितान्त लोभी, लाचार र कायर बनेर वर्गीय र राष्ट्रिय दुस्मनहरूसँग पूर्णरूपेण आत्मसमर्पण गरिसकेका छन् । यी नेता भनाउँदा घातकी र पातकीहरूले वर्गवैरीहरूसँग नेपाल राष्ट्र र कम्युनिस्ट आन्दोलनलाई विभाजन, विघटन र विसर्जन गर्ने लिखित कसमसमेत खाएका कुराहरू यत्र-तत्र-सर्वत्र सार्वजनिक छन् ! यसरी यी नेता भनिएकाहरू पूर्णतः दलाल र गद्दार बनिसकेकाले यी टाउके नेताहरूमा र यिनले नेतृत्व गरेका पार्टी/गिरोहहरूमा रूपान्तरणको रत्तिभर पनि गुन्जाइस छैन ।

खासगरी :ऋऋ , क्एए र नागरिकता विधेयक स्वीकृत गर्नेसम्मको हालको यो अवस्थामा आइपुग्दा त उल्लिखित पार्टीहरूभित्र न्याय, समानता, स्वतन्त्रता, क्रान्ति, मुक्ति र प्रगतिका लागि उल्लेख्य सङ्घर्ष गरिरहेका उक्त नेताहरूले आफ्ना लागि, देशका लागि र शोषित-पीडित जनसमुदायका लागि विद्रोह गर्नेबाहेकको उत्तम विकल्प अर्को त छँदैछैन । अझ यो विद्रोह त उल्लिखित कथित राष्ट्रिय पार्टी भनिएका सरकार र संसद्मा भएका संसद्वादी पार्टीहरूमा मात्र होइन; सडकमा रहेका राष्ट्रवादी र क्रान्तिकारी भनिएका त्यागी, तपस्वी, स्वच्छ र सिद्धान्तनिष्ठ गनिएकाहरूले समेत यति लामो अवधिसम्म पनि चरम राष्ट्रघाती :ऋऋ, क्एए, नागरिकता विधेयकजस्ता राष्ट्रियतासँग सम्बन्धित दीर्घकालीन महत्वका गम्भीर र संवेदनशील विषयहरूलाई सरकार र संसद्ले हठात् र बलात् अवलम्बन र कार्यान्वयन गर्दा पनि तिनका विरुद्धमा कुनै सशक्त, संयुक्त, प्रभावकारी र परिणाममुखी सङ्घर्षसमेत सङ्गठित गर्न सकेनन् । साथै यिनले आजसम्म पनि क्रान्तिको न कुनै ठोस तयारी, सुरुआत र विकासको दिशामा सिन्को भाँच्न सकेका छन्, न त पार्टीलाई व्यापक र बलियो बनाउन सकेका नै छन् । तसर्थ खालि दिन काट्ने र काल पर्खने गरेका सन्की, सङ्कीर्ण, जड, यान्त्रिक, आग्रही, पूर्वाग्रही, प्रतिशोधी र अहंकारी वयोवृद्ध नेता-पण्डाहरूका पार्टी-गुटभित्र रहेर यथाशक्य सङ्घर्ष गरिरहेका सच्चा क्रान्तिकारी कम्युनिस्टहरूले पनि आआफ्ना पार्टी-गुट र नेता-पण्डाहरूका विरुद्धमा विद्रोह बुलन्द गर्नुबाहेकको अर्को राम्रो विकल्प पनि छैन । त्यसैगरी विभिन्न पार्टीहरूबाट विद्रोह गर्दै स्वतन्त्र भएर पनि देश, जनता, क्रान्ति र मुक्तिका लागि क्रियाशील रहेका वा कुण्ठा, आक्रोश, निराशा, पलायनजस्ता चिन्तन -प्रवृत्तिका सिकार भई चुप लागेर बस्दै आफ्नो क्रान्तिकारी ऊर्जा खेर फालिरहेका सच्चा, स्वतन्त्र, स्वविवेकी, स्वाधीन र स्वाभिमानी क्रान्तिकारी/प्रेमीहरूले समेत आआफ्ना सीमित र सङ्कुचित सोचाइ, शक्ति, संस्था र सङ्घर्षबाट माथि उठेर आफैँभित्र एकप्रकारको विद्रोह गर्नुसमेत जरुरी छ । तत्पश्चात् यी सबै विद्रोही क्रान्तिकारी कम्युनिस्टहरू एउटै शक्तिमा एकीकृत हुने, एउटै केन्द्रमा केन्द्रीकृत हुने र एउटै ध्रुवमा ध्रुवीकृत हुने अनि राष्ट्रिय र वर्गीय मुक्ति आन्दोलनको महाअभियानमा अविलम्ब गोलबन्द र लामबन्द हुने गर्नु अनिवार्य छ । यो नै अहिले तत्कालका लागि नेपाल र नेपाली जनताको मुक्ति र क्रान्तिका निम्ति सर्वाधिक महत्वको अत्यन्त जरुरी काम-कारबाही हो ।

# अखिल (क्रान्तिकारी) को बागमती प्रदेशस्तरीय प्रारम्भिक स्कुलिङ








काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट अखिल (क्रान्तिकारी) ले प्रारम्भिक स्कुलिङ कार्यक्रम सम्पन्न गरेको छ । अनेरास्ववियू (क्रान्तिकारी) बागमती प्रदेश विशेष समितिको आयोजनामा एकदिने प्रारम्भिक स्कुलिङ कार्यक्रम सम्पन्न भएको हो ।

स्कुलिङ कार्यक्रममा प्रमुख प्रशिक्षकका रूपमा नेकपा (बहुमत) का सचिवालय सदस्य तथा अनेरास्ववियू (क्रान्तिकारी) का पूर्वकेन्द्रीय अध्यक्ष शरद रसाइली र अनेरास्ववियू (क्रान्तिकारी) का फ्र्याक्सन इन्चार्ज पूर्णबहादुर सिंहले प्रशिक्षार्थी विद्यार्थीलाई पार्टी र सङ्गठनबीचको सम्बन्धका बारेमा प्रशिक्षित गरेका थिए ।

सङ्गठनका केन्द्रीय अध्यक्ष मिलन राईले विद्यार्थी सङ्गठनका बारेमा प्रशिक्षित गरेका थिए भने सङ्गठनकै केन्द्रीय उपाध्यक्ष वीरेन्द्र शाहले विद्यार्थी आन्दोलनको इतिहासका बारेमा प्रशिक्षित गरेका थिए ।

सङ्गठनका केन्द्रीय कोषाध्यक्ष दीपक बिष्टको अध्यक्षतामा सम्पन्न स्कुलिङ कार्यक्रमको सञ्चालन केन्द्रीय सचिवालय सदस्य गोविन्द बिष्टले गरेका थिए ।

# जनता मुक्त नहुँदासम्म लडिरहने उद्घोष

बनेपा/ नेकपा (बहुमत) काभ्रेले जनता मुक्त नहुँदासम्म लडिरहने उद्घोषसहित 'राष्ट्रिय जागरण तथा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' सुरु गरेको छ ।




काभ्रेको बनेपामा बिहीबार आयोजित दुईमहिने 'राष्ट्रिय जागरण तथा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' उद्घाटन कार्यक्रमका प्रमुख अतिथि पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् पार्टीका काभ्रे जिल्ला इन्चार्ज प्रतापले जनता मुक्त नहुँदासम्म लडिरहने उद्घोष गरे ।

कार्यक्रममा पार्टीका काभ्रे जिल्ला संयोजक कृष्ण सेवाले श्रमजीवी जनताको मुक्ति र स्वाधीन देश वैज्ञानिक समाजवादमा मात्र सम्भव रहेकाले वैज्ञानिक समाजवादी क्रान्तिमा सम्पूर्ण क्रान्तिकारी कम्युनिस्ट र देशभक्तहरू लामबद्ध हुनुपर्ने बताए ।

अभियान उद्घाटन कार्यक्रमको सञ्चालन नेकपा (बहुमत) बनेपा नगर संयोजक विक्रम खड्काले गरेका थिए ।

# राष्ट्रियताको रक्षाका लागि बलिदान दिन तयार छौँ : थापा

खलङ्गा (दार्चुला)/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दार्चुला-बैतडी-बझाङ जिल्लाको संयुक्त राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन गरिएको छ ।




दार्चुलाको खलङ्गामा अभियान उद्घाटन गर्दै पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् दार्चुला जिल्ला इन्चार्ज प्रकाश थापाले दलाल सरकार देश बेच्न तयार भएकाले राष्ट्रियताको रक्षाका लागि बलिदान गर्न तयार रहेको बताए । उनले राष्ट्रघाती कार्यको डटेर सामना गर्नुपर्ने धारणा राख्दै राष्ट्रघाती एमसीसी सम्झौता र नागरिकता विधेयक संसद्बाट पास गरेर सरकारले गम्भीर राष्ट्रघात गरेकाले देश बचाउनका लागि देशभक्त र क्रान्तिकारीहरूले बलिदान दिन तयार हुनुपर्ने बताए ।

थापाले जयसिंह धामीलाई भारतीय साम्राज्यवादले तुइन काटेर हत्या गर्दासमेत नेपाल सरकारले त्यसका विरुद्ध बोल्न नसक्नु भनेको निरीह र लाचारीको पराकाष्टा भएको पनि बताए ।

युवा जनस्वयम्सेवक नेपाल सेम संयोजक लोकेश धामीले युवा क्रान्तिकारी शक्ति भएकाले देशमा भैराखेको भ्रष्टाचार, विकृति र विसङ्गतिका विरुद्ध डटेर सामना गर्नुपर्ने धारणा राख्दै भ्रष्टहरूलाई जनकारबाही गरिने बताए ।

दार्चुला जिल्लाको सदरमुकाम खलङ्गामा उद्घाटन गरिएको अभियान २ महिनासम्म सञ्चालन हुने र बैतडी हुँदै बझाङ जिल्लामा गएर समापन हुने जानकारी युवा जनस्वयम्सेवकका केन्द्रीय सदस्य नरेन्द्र जोशीले दिए । कार्यक्रमको सञ्चालन नेकपा (बहुमत) दार्चुला जिल्ला संयोजक विजय लेखकले गरेका थिए ।

# मेलम्चीमा नेकपा (बहुमत) को वडा समिति



सिन्धुपाल्चोक/ सिन्धुपाल्चोक मेलम्ची नगरपालिकाको नौ नम्बर वडामा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को वडा समिति गठन भएको छ ।

पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् सिन्धुपाल्चोक इन्चार्ज विनयराज शर्माको प्रमुख आतिथ्य र जिल्ला संयोजक प्रतीकको उपस्थितिमा एमबी तामाङ संयोजक रहेको १५ सदस्यीय वडा समिति गठन गरिएको हो ।

## टोखा नगरपालिकाको अनुरोध

- बालविवाहलाई निरुत्साहित गरौ र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं, गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफनो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं तथा कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं ।
- लैगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचार संहिता पालना गरौं। - दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## यातायात सम्बन्धी जनचेतनामूलक सन्देशहरु

१. यात्रा गर्ने क्रममा सम्पूर्ण यात्रु, चालक, सहचालक एवं अन्य सरोकारवाला व्यक्तिहरुले अनिवार्य रुपमा स्वास्थ्य तथा जसङ्ख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरौँ/गराऔँ ।
२. आधिकारिक टिकट काउन्टरबाट मात्र टिकट खरिद/विक्री गरौँ/गराऔँ ।
३. अनावश्यक भिडभाड नगरौँ/ नगराऔँ ।
४. फोहरलाई निश्चित गरिएको ठाउँमा मात्र फाल्ने बानी बसालौँ ।
५. गन्तव्य स्थानमा पुग्न सबैले आफ्नो स्थानबाट सहयोग गरौँ ।
६. टिकट सम्बन्धी समस्या भएमा यात्रु सहायता कक्षमा खटिनु भएका ट्राफिक प्रहरी, कर्मचारी एवं अन्य प्रतिनिधिहरुबाट सहयोग लिने गरौँ ।
७. यात्राको क्रममा मादक पदार्थ सेवन नगरौँ ।
८. यात्रामा सभ्य भाषाको प्रयोग गरौँ ।
९. खाजा/खाना खाने स्थानमा भिडभाड नगरौँ ।
१०. सडक वरिपरिका भोजनगृहले यात्रुलाई स्वस्थ खाना/खाजा खुवाऔँ ।
११. ट्राफिक नियम र ट्राफिक सङ्केतको अनिवार्य पालना गरौं/गराऔँ ।
१२. कोरोना संक्रमणबाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔँ ।
१३. सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी साधन नचलाऔँ ।
१४. सवारी तथा यातायात व्यवस्था ऐन, नियम र निर्देशिकाहरुको पालना गरौँ/गराऔँ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

## खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४२६२९७०, ४२६३४८५

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ